# परिच्छेद : एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपाल सरकार शिक्षा मन्त्रलयद्वारा निर्धारित वर्तमान नि.मा. तह कक्षा छ नेपाली पाठ्पुस्तकामा समावेस गरिएका उखान र टुक्काको अध्ययन, विश्लेषण गरी आवश्यक सुधारका निम्ति सुझाव दिने काम गरिएको छ । यसलाई क्रमशः प्रस्तुत गरिएको छ । शिक्षा एक यस्तो महत्वपूर्ण मानवीय क्रियाकलाप हो, जसलाई आदर्श र कर्मशील मानव जीवन तयार गर्ने सर्वोत्तम साधानका रुपमा लिइन्छ । शिक्षालाई जीवन पर्यान्त र निरन्तर चलिरहने गतिशील प्रक्रियका रुपमा लिइन्छ । यो सँस्कृति र सभ्यताको जननी हो, जुन प्रत्येक जीवन जतिकै व्यापक र विस्तृत छ (भण्डारी र पन्थी, २०६६) ।

नेपाली भाषा भारोपेली परिवारको भाषा हो । नेपालको भौगोलिक विविधता अनुरुप यहाँका बासिन्दाहरूमा जातीय विविधता रहेको छ । तीनको सङ्ख्या किटान गर्न अझै अत्याधिक मात्रामा खोज, अनुसन्धान र अध्ययनको क्षेत्रलाई प्रतिक्षा गर्नु बाहेक अर्को विकल्प छैन । नेपालका विभिन्न भाषिक समुदायहरूका बीच एक आपसमा सम्पर्क कायम गर्दा नेपाली भाषा नै माध्यम भाषाको रुपमा प्रयोग हुँदै आइरहेको छ । यसरी हेर्दा नेपाली भाषा भारोपेली लगायत अन्य भाषा परिवारका भाषाभाषी परिवारका वक्ताहरूका समेत सम्पर्कको माध्यम रहँदै आएको छ । नेपालको भाषिक विविधतालाई एकतामा परिणत गर्ने नेपाली भाषालाई माध्यम र सम्पर्क भाषाका रुपमा सफल बनाउन स्तरयुक्त पठनपाठन आवश्यक पर्दछ । स्तरयुक्त पठनपाठनका निम्ति लोक व्यवहार प्रचलनमा रहेको उखान र टुक्काको समुचित प्रयोग हुन आवश्यक छ ।

विचार विनिमयको माध्यमका रुपमा भाषाको व्यवहार गरिन्छ । भाषा शिक्षणका उद्देश्य भाषा सिकाउनु नभएर भाषिक सीपको विकास गराउनु हो । भाषाका आधारभूत सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइको विकास गरी भाषिक सीप र कलाको निपूर्णता नै यसको अभीष्ट हो । भाषा सिकेर आफ्नो जीवनका विविध आवश्यकता पूरा गर्न सक्ने दक्षता आउन सकोस् र सँगसँगै शैक्षिक, सामाजिक तथा राष्ट्रिय आश्यकताहरूको पनि परिपूर्ति गर्न सक्ने भाषिक सामर्थ्य र सम्पादनीयता हासिल हुन सकोस् भन्ने ध्येय भाषा शिक्षणमा राखिएको हुन्छ (शर्मा र पौडेल, २०६० :२६९) ।

सामान्यतया नेपाली भाषा आधारभूत तहदेखि उच्च तहसम्म शिक्षाको माध्यमको रुपमा प्रयोग हुँदै आएको छ । कक्षा ‘छ’ मा अध्ययन गर्ने उमेर १०-११ बर्ष हुन्छ । जसमा उनीहरूको रुची बालसमूह बनाउने, सिर्जनात्मक, खेलमा रमाउने, नाजुक, विद्यालय जाने विद्यालय तहको आधारभूत ज्ञान सीप लिइरहेको अवस्थालाई जनाउँछ । पाँच वर्षदेखि निरन्तर विद्यालयमा अध्ययनरत भए तापनि कक्षा ‘छ’ का सिकारुहरू आधारभूत तहको विचमा रहेका हुन्छन् । यो अवस्था न विद्यालय जाने सुरुवात हो न त आधारभूत तहको अन्त्य नै हो । अतः वीच अवस्थाको सिकाइको क्रममा सिकारुहरू हुन्छन् ।

लोक जीवनमा विभिन्न क्रियकलाप, रीतिस्थिति, बानीव्यहोरा, चालचलन, विश्वास र दृष्टिकोण आदिका माझबाट उखानले अभिधेय अर्थ बोकेको हुन्छ । भाषिक व्यवहारमा यस्ता उखान व्यङ्ग्यार्थको चमक लिएर झुल्किन पुग्दछन् । यही व्यञ्जन तत्व नै उखानको आत्म हो (पराजुली, २०५८ :२०) । वाक्यस्तरको संरचना हुने त्यस सूत्रात्मक उक्ति वा कथनलाई टुक्का भनिन्छ । जसको अर्थ त्यस उद्देश्यसँग सम्बद्ध हुन्छ (शर्मा, २०५३ :९७) ।

यस तहका बालबालिकामा भाषा शिक्षणका क्रममा लोकोक्तिका रुपमा भाषिक व्यवहार सञ्चालन गर्दा सहजै आउने उखान टुक्का शिक्षण गरिनु आवश्यक छ । किनकी उखान टुक्काको सान्दर्भिक र समुचित प्रयोग गरी भाषिक व्यवहार गर्दा हाम्रो मौलिकताको जगेर्ना गर्नमा थप बल पुग्ने कुरामा दुई मत छैन ।

उखान जीवनका तीतामीठा अनुभवहरू संगाल्दै विविधतामय मानवीय चरित्र सशक्त रूपामा प्रस्तुत गर्दै मनोरञ्जन प्रदान गर्ने विशिष्ट उक्ति हो । यसले बौद्धिक क्षमताको अभिवृद्धि गर्नुका साथै भाषिक व्यवहारलाई मिठासपूर्ण बनाउँछ । यति मात्र नभएर पाठ्यक्रमको मर्म अनुरुप रहेका उखानहरूले भाषिक अभिव्यक्तिलाई मर्मस्पर्शी, तर्कपूर्ण, संक्षिप्त, कलात्मक, व्यङ्ग्यात्मक, सारगर्भित, दृष्टान्तमूलक, ओजपूर्ण बनाउने मात्र नभएर समग्र मानव जातिलाई सही मार्ग निर्देशन गर्दछ ।

भाषा प्रयोगको सन्र्दभमा यी उखानहरू लोक जीवनकालागि मात्र नभएर समग्र सहित्यिक उत्थानका लागि उपयोगी बन्न सक्छन् । नेपाली उखानको संकलन र विश्लेषण केही मात्रामा भए तापनि नि.मा.वि. तहमा प्रयुक्त उखानको अध्ययन विश्लेषण ओझेलमा परेको छ । यसैलाई हृदयङ्गम गरी अध्ययन गर्ने जमर्को गरिएको छ ।

उखानमा समाजको यथार्थ चित्रण हुने भएकाले समाजमा प्रचलित महिला पुरुष बिच भिन्नता, गरीब र धनी बिचको असमानता जस्ता यथार्थ उखानबाट बुझ्न सकिन्छ । यसरी उखानको महत्वलाई ख्याल गर्दै नि.मा.वि. तहमा सामाविष्ट उखानको अध्ययन अनुसन्धान गरिनु आवश्यक छ ।

भाषामा टुक्का उक्तिका रुपमा आउने महत्त्वपूर्ण कोशीय एकाई हो नेपाली लोक साहित्य अर्न्तगतका विविध विधाहरूमध्ये एउटा महत्त्वपूर्ण विधा टुक्काको अध्ययन अन्य विधाको तुलनामा निकै कम भएको पाइन्छ । भाषाको क्षेत्रमा लोकोक्तिका रुपमा आउने टुक्काको महत्त्व अपरिहार्य छ । भाषालाई छरितो, मिठो, रसिलो र सारपूर्ण बनाउने टुक्काको विस्तृत अध्ययन अनुसन्धान हुनु आवश्यक देखिन्छ । अझ विद्यालय नि.मा. तहमा टुक्काको विश्लेषण भाषिक रुपमा सवल र सक्षम बनाउन यसको गहन् अध्ययन हुन आवश्यक देखिन्छ ।

## १.२ समस्याको कथन

शोध कार्य आफैँमा जटिल कार्य हो । त्यसमा पनि भाषा सम्बन्धित विषयवस्तु कक्षा छ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका उखान र टुक्काको अध्ययन सहज छैन । नेपाली भाषा प्रयोगको सन्दर्भमा वक्ताले स्वतः स्फूर्त रुपमा जनजीब्रोमा भिजेका उखान र टुक्का कक्षा छ मा अध्ययनरत सिकारुले उपयुक्त प्रयोग गरिरहेका छन् वा छैनन् ? कक्षा छ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त उखान र टुक्काको छनोट र स्तरण कसरी गरिएको छ ? पाठगत रुपमा उखान र टुक्का वितरण कसरी गरिएको छ ? उपयुक्त छ कि छैन ? पाठमा प्रयुक्त उखान र टुक्का विद्यार्थीको उमेर, रुचि, चाहना, क्षमता स्तर अनुकूल छन् कि छैनन् ?भन्ने विषय बस्तु समस्या भएको हुनाले यसको अध्ययन गरिनु अत्यावश्यक छ । यतिमात्र नभई हालसम्म कोही कसैले पनि कक्षा छ को नेपाली पाठ्यपुस्तकमा रहेका उखान र टुक्काको अध्ययन गरेको नपाइएको हुँदा यसको उपयुक्त र सान्दर्भिकता के कति छन् ? यसमा निहित कमजोर पक्षहरू उजागर नहुनु समस्याको रुपमा रहेको प्रष्ट छ ।

## १.३ शोधको उद्देश्य

यस शोधपत्रका उद्देश्य निम्नानुसार छन् :

क) पाठहरूमा समाविष्ट उखान र टुक्काको उपयुक्त पहिचान गर्न,

ख) पाठगत आधारमा उखान र टुक्काको छनोट र स्तरणको विवेचना गर्न,

ग) पाठमा प्रयुक्त उखान र टुक्काको सुधारको लागि सुझाव दिन ।

## १.४ अनुसन्धानात्मक प्रश्नहरू

क) कक्षा 'छ' को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त उखान र टुक्का छनोट र स्तरण कसरी गरिएको छ ?

ख) पाठगत रुपमा उखान र टुक्का वितरण कसरी गरिएको छ ?

ग) पाठ्यपुस्तकमा प्रयुक्त उखान र टुक्का विद्यार्थीको रुचि, क्षमता, चाहना र स्तर अनुकूल छन् कि छैनन् ?

घ) पाठ्यपुस्तकमा प्रयुक्त पाठहरूमा उखान र टुक्का कति सङ्ख्यामा राखिएको छ ?

## १.५ अध्ययनको महत्त्व

कुनै पनि विषयमा अध्ययन, अनुसन्धान तथा विश्लेषण गर्नु आफैँमा एक महत्त्वपूर्ण र जटिल कार्य हो । त्यसमा पनि भाषा शिक्षणको मेरुदण्ड भाषा पाठ्यक्रमका आधारमा कक्षा छ को पाठ्यपुस्तकमा प्रयुक्त उखान र टुक्काको अध्ययनमा गरिने शोधकार्य भाषा पाठ्यक्रमको उद्देश्य प्राप्ति तथा विद्यार्थीमा भाषिक सीप विकासका सम्बन्धमा झनै महत्त्वपूर्ण तथा उपलब्धिमूलक हुने छ । यसमा भाषा पाठ्यक्रमको उद्देश्यको विश्लेषण त्यसका आधारमा राखिएका उखान र टुक्काको विश्लेषण र विद्यार्थीलाई हासिल गराउन खोजिएको भाषिक सीपको विश्लेषणबाट भाषा पाठ्यक्रमलाई समयसापेक्ष निर्माण गर्न वा विद्यार्थीको स्तरअनुरुपको उखान र टुक्काको छनोट गर्न भाषा पाठ्यक्रम निर्मातालाई यस शोधकार्यले सहयोग पुऱ्याउने छ । शोधकार्यमा प्रस्तुत गरिने सुझाव तथा सबल पक्षको पाठ्यक्रमलाई अझ बढी प्रभावकारी, व्यवहारिक र सिकाइ उपलब्धिलाई मापनीय बनाउन पाठ्यक्रम निर्मातालाई तथा शिक्षणलाई प्रभावकारी बनाउन, शिक्षकलाई एवम् आफ्नो वौद्धिक क्षमता बढाउन विद्यार्थी समेतलाई यसले सहयोग गर्नेछ । यसका अतिरिक्त भावी निबन्ध विधामा अध्ययन, अनुसन्धान तथा विश्लेषण गर्न शोधकर्तालाई प्रभावकारी सामग्री हुने हुनाले यसको महत्त्व निकै रहनेछ ।

## १.६ अध्ययनको परिसीमा

यो अध्ययन "कक्षा 'छ' को हाम्रो नेपाली किताब" मा प्रयुक्त उखान र टुक्काको अध्ययनमा सीमित रहेको छ । यी बाहेकका कुराहरू यस शोधको सीमा हुनेछन् ।

## १.७ पारिभाषिक तथा प्राविधिक शब्दहरू

समाविष्ट : समावेश गरिएको

अभ्यास : सिक्नको लागि पुनरावृति गर्न दिइएको कार्य

विश्लेषण : कुनै विषयलाई केलाउने काम

वर्णनात्मक : वर्णन गरिएको

तार्किक : तर्क गर्न सक्ने, तर्क गर्ने

स्वभाविक : सहज, सजिलै

अनुशासित : अनुशासनमा रहेको नियममा रहेको

चरित्र : आनीबानी

अधिप्ररित : अभिरुचि बढेको, प्रेरित, उत्सुक

औपचारिक : स्तरीय विधि तथा व्यवहार अनुसारको

अन्तर्निहित : बाहिर प्रकट नभएको, आन्तरिक

वाक्यान्तरण : एउटा वाक्यलाई अर्को वाक्यमा बदल्ने काम

प्रयोगात्मक : पढेका कुराको प्रयोग गर्ने अभ्यास, प्रयोग वा परीक्षणबाट गरिने प्रयोगात्मक कार्य

प्रश्न : सोधनी, सोधपुछ

आगमनः आउने काम वा प्रक्रिया

निगमन : बाहिर निस्कने वा जाने काम

सम्प्रेषणात्मक : सम्प्रेषणसँग सम्बन्धित

आदानात्मक : आदान वा प्रापकसँग सम्बन्धित

प्रदानात्मक : प्रदान गर्ने तथा दिने कामसँग सम्बन्धित

समावेश : भित्र पार्ने काम, राख्ने वा समेट्ने काम

सामर्थ्य : समर्थमा हुने गुण, योग्यता

मार्गनिर्देश : वाटो देखाउने काम

व्यङ्ग्यार्थ : बाङ्गो अर्थ

प्रचलित : चलनचल्तिमा भएको

बान्किला : बान्कि मिलेका, उपयुक्त

# परिच्छेद : दुई

# उखान टुक्काको पुनरवलोकन र अवधारणात्मक ढाँचा

## २.१ सैद्धान्तिक सहित्यको पुनरवलोकन

### २.१.१ भाषा पाठ्यक्रमको परिचय

शिक्षण तथा सिकाइलाई व्यवस्थित, सहज, स्वभाविक र क्रमबद्ध बनाउन निर्माण गरिएको शैक्षिक योजना पाठ्यक्रम हो । त्यस्तै भाषिक सीपहरूको प्राप्तिका उद्देश्य राखी निर्माण गरिएको शैक्षिक योजनालाई भाषा पाठ्यक्रम भनिन्छ (ढकाल, २०६४:५) । यस्तो पाठ्यक्रमले सिकारुको बोध र अभिव्यक्ति क्षमताको विकासका लागि गर्नुपर्ने सम्पूर्ण कार्यकलापलाई निर्देशन गरेको हुन्छ । भाषिक सीप प्राप्तिका लागि बनाएको शैक्षिक उद्देश्य, ती शैक्षिक उद्देश्य प्राप्तिका लागि आवश्यक शैक्षिक सामग्री, शिक्षण विधि तथा अपेक्षित उद्देश्य प्राप्त भए नभएको लेखाजोखा गर्न मूल्याङ्कनको समेत स्पष्ट निर्देशन दिइएको हुन्छ । भाषा पाठ्यक्रमका उद्देश्य प्राप्तिका लागि भाषा पाठ्यपुस्तक निर्माण गरिएको हुन्छ ।

अन्य पाठ्यक्रमहरूबाट भाषा पाठ्यक्रमलाई छुट्याउने आधार भाषिक सीप हो । अरू पाठ्यक्रमको उद्देश्य सम्बन्धित विषयवस्तुमा दक्षता हासिल गर्ने रहेको हुन्छ भने भाषा पाठ्यक्रमको उद्देश्य बोध र अभिव्यक्ति क्षमताको विकास गराउनु हो ।

**निम्न माध्यमिक विद्यालयको भाषा पाठ्यक्रमको साधारण उद्देश्यहरू**

भाषा पाठ्यक्रमका साधारण उद्देश्यहरू निम्नानुसार छन् :

१. उच्चरित ध्वनिहरूको भिन्नता पहिल्याउन र सोही अनरूप उच्चारण गर्न,

२. अरुद्वारा अभिव्यक्त विचार बुझ्ने गरी सुन्न,

३. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न,

४. सुनेका विषयवस्तुको मुख्य मुख्य कुरा बताउन,

५. आफूले देखेका, सुनेका, अनुभव गरेको विषयवस्तु मौखिक अभिव्यक्ति दिन,

६. आफूले भन्न चाहेका कुरालाई हाउभाउपूर्ण एवम् प्रभावकारी ढङ्गले अभिव्यक्ति दिन,

७. कुराकानी, संवाद, वादविवाद, प्रश्नोत्तर, छलफल आदि मौखिक अभिव्यक्तिहरूमा भाग लिन,

८. लिखित सामग्रीहरूलाई भावअनुसार गति, यति मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न,

९. विभिन्न प्रयोजनका लागि लिखित सामग्रीहरू मौनवाचन गर्न,

१०. विभिन्न उद्देश्यले लिखित सामग्रीहरू पढ्न,

११. पठित शब्दहरूको सन्दर्भ पूर्ण प्रयोग गर्न,

१३. आफूले देखे सुनेका र अनुभव गरेका विषयवस्तुमा लिखित अभिव्यक्ति दिन,

१४.उपयुक्त वाक्यगठन, हिज्जे, विराम चिह्न आदि मिलाई शुद्धसँग लेख्न,

१५. स्तर अनुसारका विषयहरूमा सन्दर्भ र सिलसिला मिलाई मौलिक रचना गर्न,

१६. पठित शब्दहरूलाई हिज्जे मिलाई लेख्न,

१७. पाठमा प्रयुक्त उखान टुक्काहरूको प्रयोग गर्न,

१८. विशिष्ट अंशहरूको भावविस्तार गर्न,

१९. स-साना मौलिक रचनाहरू सन्दर्भ र सिलसिला मिलाई लेख्न

२०. विभिन्न विषयहरू पढी शब्द भण्डारको वृद्धि गर्न,

२१. व्याकरणका आधारभूत तत्त्व बुझी तिनको उपयुक्त प्रयोग गर्न,

२२. नेपाली भाषामा लेखिएका विभिन्न विधाका समसामयिक पाठ्यसामग्रीहरू पढ्ने अभिरूचिको विकास गर्न,

२३. उद्देश्य अनुसारका विभिन्न पठन कौशलहरूको विकास गर्न,

२४. शिष्ट र शुद्ध भाषाको प्रयोग गर्ने बानी बसाल्न,

२५. साहित्यिक रचनाहरू पढ्ने अभिरुचि बढाउन। (नि.मा.वि. पाठ्यक्रम, २०५८:१)

**कक्षा ६ का सीपगत उद्देश्यहरू :**

नि.मा. तह कक्षा ६ का सीपगत उद्देश्यहरू निम्नानुसार छन् :

**सुनाइ र बोलाइ**

१. उच्चारित ध्वनिहरू सुनी तिनको भिन्नता पहिल्याउन,

२. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न,

३. अरुले भनेका कुरा ध्यानपूर्वक सुन्न र भन्न,

४. सामान्य मौखिक वर्णनहरू सुनी मुख्य कुरा बताउन,

५. कविता, गीत, कथा आदि आनन्दका साथ सुनी प्रतिक्रिया जनाउन,

६. स-साना कुराकानी, संवाद, प्रश्नोत्तर आदि सुनी मौखिक अभिव्यक्तिमा भाग लिन,

७. आफूले देखेका, सुनेका र बुझेका वस्तु, वातावरण र घटनाका विषयमा सामान्य वर्णन गर्न,

८. सिलसिला र हाउभाउ मिलाई बोल्न ।

**पढाइ**

१. लिखित सामग्रीलाई गति, यति, र लय मिलाई शुद्ध र स्पष्टसँग वाचन गर्न,

२. मुख्य मुख्य कुरा बताउन सक्ने गरी विभिन्न पाठ पढ्न,

३. लिखित सामग्रीहरूको मौनवाचन गर्न,

४. विभिन्न उद्देश्यले विधागत पाठहरू पढ्न,

५. पाठमा प्रयुक्त शब्दहरूको आशय बुझी प्रयोग गर्न,

६. विभिन्न विधाका पाठहरू भाव ठम्याई पढ्न,

७. विभिन्न विधाका पाठहरूबाट शब्दभण्डारको वृद्धि गर्न ।

**लेखाइ**

१. हिज्जे मिलाई सफा र शुद्धसँग लेख्न,

२. लेख्य चिह्नहरूको उपयुक्त प्रयोग गरी लेख्न,

३. शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न,

४. आफूले देखेका, बुझेका बस्तु तथा घटनाहरूको लिखित वर्णन गर्न,

५. स-साना रचनाहरू (अनुच्छेद, चिठी र निवेदन आदि) सिलसिला मिलाई लेख्न,

६. आफ्नो रुचि अनुसारका विषयमा स-साना मौलिक रचना गर्न,

७. विशिष्ट अंशको भाव विस्तार गर्न,

८. वाक्यमा पदसङ्गति आदि बुझी तिनको उपयुक्त प्रयोग गर्न,

९. सुनेका, पढेका विषयवस्तुको सार लेख्न (नि.मा.वि. पाठ्यक्रम,२०५८ :२) ।

**कक्षा ६ को भाषा पाठ्यक्रममा राखिएका उखान टुक्कासँग सम्बन्धित सीपगत उद्देश्य र सीपहरू**

- सामान्य मौखिक वर्णनहरू सुनी मुख्य कुरा बताउन,
- आफूले देखेसुनेका र बुझेका वस्तु, वातावरण र घटनाका विषयमा सामान्य वर्णन गर्न,
- शिलशिला र हाउभाउ मिलाई बोल्न,
- पाठमा प्रयुक्त शब्दहरूको आशय बुझी प्रयोग गर्न,
- विभिन्न विधाका पाठहरूबाट शब्द भण्डारको वृद्धि गर्न,

### २.१.२ भाषा पाठ्यपुस्तकको परिचय

भाषा पाठ्यक्रमले तोकेका उद्देश्यहरू पूरा गर्नका लागि तयार गरिएको पाठ्यपुस्तकलाई भाषा पाठ्यपुस्तक भनिन्छ (पौडेल र अन्य,२०६८:४७) । खास तह वा कक्षा निमित्त भाषा पाठ्यक्रम अपेक्षा पूरा गर्ने प्रयोजनका लागि विषय विशेषज्ञद्वारा सङ्कलन सम्पादन वा लेखन गरिएका पाठ्यवस्तुहरूको छनोट र स्तरण गरी प्रस्तावित वा अनुमोदित महत्त्वपूर्ण शिक्षण तथा सिकाइ सामग्री भाषा पाठ्यपुस्तक हो । भाषिक र भाषेत्तर विषयवस्तुको संयोजन गरी पर्याप्त आवृत्ति र अभ्यासको अवसर दिएर भाषिक सीप हासिल गराउने माध्यम भाषा पाठ्यपुस्तक हो । विद्यार्थीलाई के पढ्ने तथा शिक्षकलाई के कसरी कुन विधि वा क्रमबाट पढाउने भन्ने चिन्तनबाट मुक्त बनाउने साधन भाषा पाठ्यपुस्तक हो । यसले खासगरी भाषा पाठ्यपुस्तक शिक्षण तथा सिकाइका सिद्धान्तलाई आधार मानेर लेखन तथा सम्पादन गरिने भएकाले सरोकारवालाको चाहना र आवश्यकता समेटिएका हुन्छन् ।

भाषा पाठ्यपुस्तक अन्य पाठ्यपुस्तकभन्दा पृथक प्रकृतिका हुने गर्दछन् । अरु पाठ्पुस्तकहरूमा आफ्नो विशेषता अनुसार विषयगत एकनिष्ठता हुन्छ भने भाषा पाठ्यपुस्तकमा विषयगत विविधता हुने गर्दछ । अन्य विषयका पाठ्यपुस्तकले विषयवस्तुको प्रतिपादनका लागि भाषालाई माध्यम बनाउँछन् भने भाषा पाठ्यपुस्तकले विषयवस्तुलाई भाषिक सीप प्राप्तिको माध्यम बनाउँछन् । अन्य पाठ्यपुस्तकमा विषयवस्तुको एकता हुन्छ भने भाषा पाठ्यपुस्तकले विषयवस्तुको प्रतिपादनका लागि भाषालाई माध्यम बनाउँछन् । भाषा पाठ्यपुस्तकले विषयवस्तुलाई भाषिक सीप प्राप्तिको माध्यम बनाउँछन् । अन्य पाठ्यपुस्तकमा विषयगत एकता हुन्छ भने भाषा पाठ्यपुस्तकमा विधागत विविधता पाइन्छ ।

### २.१.३ भाषा पाठ्यपुस्तकको परिभाषा

भाषा पाठ्क्रमबाट पूर्णतः निर्देशित भई तयार पारिएको पाठ्यपुस्तकलाई भाषा पाठ्यपुस्तक भनिन्छ । यसमा भाषा पाठ्यक्रमका उदेश्य अनुरूपका पाठ्यवस्तुहरू समावेश गरिएका हुन्छन् । यसलाई भाषा शिक्षणका निम्ति निर्माण गरिएको महत्त्वपूर्ण सामग्री मानिन्छ । भाषा पाठ्यपुस्कका सम्बन्धमा विभिन्न विद्वानहरूका परिभाषाहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

१. ह्यालिडेका अनुसार- “भाषा पाठ्यपुस्तक शिक्षकका लागि शिक्षण सामग्रीको निर्माता, भाषिक, विषयवस्तु पढाउने, योजना बनाउने साधन, आफ्ना विद्यार्थीको प्राप्ति वा

मूल्याङ्कनको आधार र उपलब्धि निर्धारणको पृष्ठभूमिमा भाषिक कार्यलाई सुबोध बनाउने माध्यम हो (पौडेल र अन्य, २०६८:४९) ।

२. हेमाङ्गराज अधिकारी अनुसार : "भाषा पाठ्यपुस्तक सिर्जनात्मक अभिव्यक्तिको सङ्गालो नभएर यसमा पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य पूरा गर्नका लागि उपयुक्त हुने खालका विषयवस्तु र विधाहरूको छनोट साथै प्रस्तुतीकरणमा पनि सोही अनुरूप विशेष सचेतता देखाइएका सामग्रीहरू हुन्छन् ।"

३. भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहालका अनुसार : "भाषा शिक्षणका निम्ति उपयोग गरिने भाषा पाठ्यपुस्तक विषयवस्तु, भाषिक सीप र व्याकरणका आधारभूत सामग्री समेत व्यवस्था गरिएको समन्वयात्मक रूप हो (पौडेल र अन्य २०६८ : ४९)" ।

माथिका परिभाषाका आधारमा निष्कर्षमा भन्नुपर्दा भाषा पाठ्यक्रमका सैद्धान्तिक सोच तथा विभिन्न निर्देशनहरूलाई मनन गरेर तिनीहरूलाई व्यावहारिक रूपमा प्रस्तुत गरिएको शिक्षण कार्यक्रममा प्रयोग गरिने साधन भाषा पाठ्यपुस्तक हो । यसको प्रयोगले शिक्षकलाई योजनाबद्ध शिक्षण गर्न तथा विद्यार्थीहरूलाई अभ्यासमा सरिक हुन, भाषिक कार्यकलापमा सहभागी हुन र गृहकार्य एवम् स्वाध्ययन कार्यमा संलग्न हुन सहयोग पुग्दछ । नि.मा.वि. तहको पाठ्यक्रममा उखान टुक्का समावेश गर्नुको औचित्य, भाषा पाठ्यक्रमको प्रमुख उद्देश्य भाषिक सीपहरूको प्राप्ति हो । उक्त सीप प्राप्तिका लागि विविध विधा, व्याकरण नमुना अभ्यास समावेश गरिएको हुन्छ । यसका साथै उखान टुक्कालाई पनि भाषिक सीप प्राप्तिको महत्त्वपूर्ण माध्यम मानिएको छ । लोक जीवनका भाषिक व्यवहारमा भिजेका उखानले एकतर्फ भाषिक मिठास थपेको हुन्छ भने अर्कातर्फ मितव्ययी अभिव्यक्ति पनि प्रदान गरेको हुन्छ । नि.मा.वि. तहमा अध्ययनरत बालबालिकाहरू १०/११ बर्षदेखि १३/१४ वर्ष उमेर समूहको हुने गर्दछन् । यस उमेरसम्ममा उनीहरूले परिवार, समाजबाट बोध र अभिव्यक्ति सीपमा पर्याप्त अनुभव र दक्षता हासिल गरेका हुन्छन् । यस क्रममा उनीहरूले अग्रजहरूबाट विभिन्न सन्दर्भ अनुसारका उखान टुक्काहरू पनि सुन्दै, बुझ्दै र प्रयोगको पनि अभ्यास गर्दै आएका हुन्छन् । यसैगरी कक्षा ४ र ५ मा समावेश गरिएका उखान टुक्काले पनि उनीहरूको शब्दभण्डार वृद्धिमा पर्याप्त टेवा पुऱ्याएको हुन्छ ।

यस तहमा पुग्दा तुलनात्मक रूपमा जटिल उखानलाई सुनेर अर्थ र आशय बताउन पनि सक्षम हुन्छन् । त्यस्तै कुनै पनि विषयवस्तुलाई जोड दिएर अझ स्पष्ट रूपमा बुझाउन

उखान टुक्काले पर्याप्त टेवा पुऱ्याउँछ । भाषिक सीप प्राप्तिका लागि निर्दिष्ट गरिएका लेख, कथा, निबन्ध र भनाईलाई निकै मीठो र स्वादिलो बनाई सिकाइलाई दिगो बनाउन मद्दत पुऱ्याउँछ । यसैगरी परिवार तथा समाजबाट प्राप्त उखानटुक्का सम्बन्धी अनुभवलाई थप टेवा पुऱ्याउँछ ।

निष्कर्षमा भन्नुपर्दा यस तहको भाषा पाठ्यक्रममा राखिएका उखान टुक्काले सिकाइमा रुचि जगाउने, सिकाइलाई जीवन्तता प्रदान गर्ने समग्रमा बोध र अभिव्यक्ति सीपमा पर्याप्त टेवा पुऱ्याउने भएकोले यस तहमा उखान टुक्का प्रयोग गर्नु औचित्यपूर्ण देखिन्छ ।

**२.१.४ उखानको परिचय**

उखानको लोक जीवनमा प्रचलित विशिष्ट उद्गार हो । उखान भन्नाले लोक जीवनमा प्रचलनमा रहेका सम्पूर्ण कथन वा उक्ति, लोकोक्ति, आहान भनेर बुझ्न सकिन्छ । समाजमा व्यक्तिहरूबीच अनुभव, व्यवहारसँगसँगै प्रचलनमा रही नेपाली भाषामा आएका सम्पूर्ण शिक्षामूलक वाक्यांशको कथनलाई उखान भनिन्छ । उखानले भाषालाई स्वादिलो बनाउने, सन्दर्भलाई खुलस्त पार्ने, सूत्रात्मक भाषिक अभिव्यक्ति प्रकट गर्ने कार्य गर्दछ । खासगरी उखान उपमा, उदाहरण, व्यङ्ग्य र दृष्टान्तका रूपमा प्रयोगमा आउने गर्दछ । त्यस्तै उखानले व्यावहारिक जीवनलाई मार्गनिर्देश गर्नुका साथै भाषालाई जीवन्तता प्रदान गर्दछ ।

उखानको प्रयोग वक्ताको अभिव्यक्तिमा रोचकता र मिठोपनका साथै रसिलोपन ल्याउँछ । यसले वाच्यार्थलाई भन्दा लक्ष्यार्थलाई बढी जोड दिएको पाइन्छ । उखानले घटना, प्रसङ्ग वा मानवीय अनुभवसँग सम्बन्ध राख्दैन लाक्षणिक अर्थ प्रदान गर्दछ ।

उखानलाई भाषा पिच्छे अलग-अलग नामले चिनिन्छ । संख्कृत भाषामा 'लोकोक्ति', ग्रीक भाषा 'पारो एभिया', उर्दू भाषामा 'जर्बुल र मिस्ल', भोजपुरी भाषामा 'कहबी' मैथिली भाषामा 'लोकोक्ति र कहानी' हिन्दीभाषामा 'उपख्यान' र अङ्ग्रेजी भाषामा 'Proverb' (टुक्का) नामले उखानलाई चिन्न सकिन्छ । यसबाट प्रत्येक भाषा उखानको महत्त्वपूर्ण स्थान रहेको प्रष्ट हुन्छ । नेपाली लोक जीवन उखानको प्रयोगमा सम्पन्न रहेकोछ । उखान लोक अनुभवबाट पुस्ता प्रतिपुस्ता गर्दै विकसित भएको, कथ्य रूपबाट लेख्य भाषामा प्रवेश गरेको, व्यङ्ग्यार्थको चमक लिएर झुल्किएको विशिष्ट उक्ति हो ।

लोक जीवनमा विभिन्न क्रियाकलाप, रीतिस्थिति, बानीव्यहोरा, चलन-चाँजो, विश्वास र दृष्टिकोण आदिका माझबाट उखानले अभिधेय अर्थ बोकेको हुन्छ । भाषिक व्यवहारमा यस्ता

उखान व्यङ्ग्यार्थको चमक लिएर झुल्किन पुग्दछन् । यही व्यञ्जना तत्त्व नै उखानको आत्म हो (पराजुली-२०५८:२०) ।

यसबाट प्रष्ट हुन्छ सटिक रूपमा आएको गद्य उद्‌गार, गद्य कथन तथा उक्ति उखान हो । उखान सूत्रात्मक गद्य कथनमा अनुप्रास, लय र सङ्गीतमय ध्वनि तथा शब्दविन्यास र तुकबन्दी पाइन्छन् । उखान दृष्टान्तमूलक हुन्छन् र तिनमा सूत्रात्मक अभिव्यक्ति पाइन्छ । उखानको मूल आधार सहज बोलीचालीको भाषा हो तर यसले लेख्य भाषामा प्रवेश पाई व्यापक प्रयोग भएको छ । उखानले भाषालाई सम्पन्न बनाउन महत्त्वपूर्ण भूमिका खेलेकोछ ।

उखानको उत्पत्ति समय पत्ता लगाउने ठोस र स्पष्ट आधार पाउन निकै कठिन छ तैपनि मानवीय जीवनका तीतामीठा अनुभवहरूलाई सङ्क्षिप्त बान्कीमा मिलाएर पस्कने क्रममा उखानको जन्म भएको अनुमान गर्न सकिन्छ । जबदेखि भाषाले मानवीय अनुभूतिहरू अभिव्यक्त गर्न सक्षम भयो । त्यस समयदेखि नै उखानहरूको पनि जन्मलिने र झ्याङ्गिने अवसर पाउँदै गएको देखिन्छ । उखानको निर्माण सामूहिक प्रयासबाट नभएर व्यक्तिगत रूपमा बोलीचालीका क्रममा भएको हो तर निर्माताको लोकमय व्यक्तित्वले उखान व्यक्ति विशेषमा मात्र सीमित नभएर साझा उक्ति बन्न पुग्दछ ।

हाम्रा लौकिक कथन तथा प्राचीन साहित्यिक ग्रन्थहरूलाई पल्टाउँदा उखानको इतिहास निकै पुरानो देखिन्छ किनभने हाम्रा बौद्धिक ग्रन्थहरूमा पनि उखानको बान्कीका प्रशस्तै नमुना तथा सुक्तिहरू पाउन सकिन्छ । तीन सुक्तिहरू कुनै लौकिक जीवनका छाँया हुन् भने कतिपय चाहिँ व्यक्ति विशेषका अनुभव हुन् । जे होस् उखानको उत्पत्तिको इतिहास निकै लामो र लोकप्रिय भएको कुरालाई नकार्न सकिन्न ।

### २.१.५ उखानका विशेषता

जीवन भोगाइका तितामिठा अनुभूतिहरूको प्रस्तुति सङ्क्षिप्त तथा दृष्टान्तमूलक रूपमा विभिन्न जीवजन्तु, परिवेशलाई इङ्गित गर्दै कथ्य रूपबाट लेख्य रूपसम्म आएका मिठासपूर्ण उक्ति नै उखान हुन् । जसले सिङ्गो मानव जातिको भाषिक यात्रामा आई व्यावहारिक जीवनलाई मार्गदर्शन गर्दछन् । भाषिक समुदायका साझा र अमूल्य निधिका रूपमा उखानलाई लिन सकिन्छ ।

उखानका विशेषताका सम्बन्धमा विभिन्न विद्वानहरूले आ-आफ्नै किसिमका भनाई प्रस्तुत गरेका छन् । उक्त विशेषताहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

क) पश्चिमा विद्वानका मतहरू:

**१. हावेलका अनुसार:**

क) सङ्क्षिप्तता

ख) सारगर्भितता

ग) सप्राप्तता (पराजुली, २०६५:३२) ।

**२. विद्वान् हेस्टिङले उखान सम्बन्धी हावेलका तीन विशेषतामा एक थप समावेश गरी** चारओटा विशेषता उल्लेख गरेका छन् :

क) सारगर्भितता

ख) सङ्क्षिप्तता

ग) सप्राणता

घ) लोकप्रियता

यसरी नै भारतीय विद्वानहरूले आ-आफ्नै किसिमले उखानका विशेषताहरू उल्लेख गरेका छन् :

**१. डा. कृष्णदेव उपाध्यायका अनुसार:**

क) समास शैली

ख) अनुभूति

ग) निरीक्षण तथा सरलता (ऐ) ।

**२. डा. श्याम परमारका अनुसार:**

क) लाघतत्त्व

ख) अनुभूति र निरीक्षण

ग) सरल भाषा

घ) प्रभावोत्पादक शैली

ङ) लोकरञ्जन (ऐ)

**३. कुन्दनलाल अनुसार:**

क) सारगर्भितता

ख) सङ्क्षिप्तता

ग) सरलता

घ) रूप विविधता

ङ) सजीवता

च) लोकप्रियता (ऐ) ।

भाषालाई नवीन बान्कीमा प्रस्तुत गरी नैतिक आदर्श, सामाजिक मर्यादा, ऐतिहासिक झलक, आर्थिक अवस्थाको सङ्केत, अनुभवमा आधारित ज्ञान, थोरैमा धेरै भन्न सक्ने क्षमता तथा सरल र सरस रूपमा अभिव्यक्त हुने लोकप्रिय सुक्तिमय उखानले जीवनका वास्तविक सत्यलाई पुष्टि गर्दछ । यसको प्रयोगले भाषालाई गाम्भीर्य र ओजपूर्ण बनाउनुको साथै मानव जातिलाई उचित पर्थप्रदर्शन गर्दछ ।

भाषाविद्, कृष्णप्रसाद पराजुलीले औँल्याएका नेपाली उखानका विशेषताहरूलाई विस्तृत रूपमा उल्लेख गर्न सकिन्छ :

**क) सारगर्भितता**

सारगर्भितता भन्नाले भित्र सार भएको, गहन, गहकिलो भन्ने बुझ्न सकिन्छ । प्रयोगात्मक नेपाली शब्दकोश (२०६८:१००८) सारगर्भितता नेपाली उखानका महत्त्वपूर्ण विशेषताहरू मध्ये प्रमुख विशेषताको रूपमा लिन सकिन्छ किनभने प्रत्येक उखानहरू ओजपूर्ण, गहन विचार र अनुभवले भरिएका र जीवन जगत्‌लाई मार्गनिर्देशन गर्न सक्ने क्षमताका हुने गर्दछन् । जस्तैः 'बिग्रेको देशको भत्केको चाला' यस उखानले सडकदेखि सदनसम्मका विभिन्न मानिसहरूको खराब चरित्रलाई उदाङ्गो पारेको छ । यसबाट प्रष्ट हुन्छ कि प्रत्येक उखान सारगर्भित हुन्छन् । यस्तै अन्य उदाहरण 'सप्रेको घरको बेलुकाको सल्लाह, बिग्रेको घरको बिहानको सल्लाह', 'एक हातले ताली बज्दैन' आदि ।

**ख)सङ्क्षिप्तता**

सङ्क्षिप्तको अर्थ छोटो वा छोट्याइएको स्थिति हो । उखान विभिन्न आकारमा प्रस्तुत भएका हुन्छन् :

लामा उखानः

- एक दिनको पाहुना मीठो मीठो खा, दुई दिनको पाहुना जसोतसो खा, तीन दिनको पाहुना जतासुकै जा ।
- काग कराउँदै गर्छ पिना सुक्दै गर्छ ।

- कुकुर भुक्तै गर्छ हात्ती लम्कदै गर्दछ ।

मझौला उखानः

- लोभीको भाँडो उभिन्डो ।

साना उखानः

- नासो पासो ।

उखानहरूमा आकारगत रूपमा विविधता पाइए तापनि यिनीहरूले दिने तर्क सन्देशका आधारमा यिनीहरूको आयाम अत्यन्तै छोटो रहेको छ । अझ प्रष्ट रूपमा भन्नु पर्दा उखानमा "बिन्दुमा सिन्धू" अटाएको हुन्छ । माथिका उदाहरणहरूबाटै पनि उखानको विस्तृत अर्थ प्रकट भएको छर्लङ्ग हुन्छ ।

**ग) सरलता**

उखानले जीवनजगत्को विराटता प्रस्तुत गरे तापनि जुनसुकै तह तप्काका जनमानसले यसलाई बुझ्न बौद्धिक कसरत गरिरहनु पर्दैन । यसैगरी भाषिक विनिमय सञ्चालानार्थ कुनै औपचारिक अभ्यास गर्नुपर्दैन । त्यसैले उखानमा सरलता सन्निहित भएको प्रष्टिन्छ । जस्तैः जसले मह काढ्छ, उसले हात चाट्छ । नमच्चिने पिङ्को सय झट्का आदि ।

**घ) सजीवता**

उखानको अर्को महत्त्वपूर्ण विशेषता सजीवता हो । उखान सत्यतामा आधारित हुनुका साथै जीवन जगत्का यथार्थ चित्र प्रतिविम्वित हुन्छ । त्यसैगरी हास्यव्याङ्ग्यात्मक उखानले पनि तीतो सत्य ओकल्दै सुधारात्मक सन्देश दिएको पाइन्छ । पुर्खाहरूले भाषिक व्यवहार सञ्चालन गर्दै जाँदा स्वतः स्फूर्त रूपमा उखानको व्यापक प्रयोग सन्तान दरसन्तानलाई हस्तान्तरण गर्दै उखानहरू कैयौँ पिढीसम्म जीवित तथा सदावहार रहेका छन् र रहिरनेछन् । जस्तैः

- आफ्नो थैलीको मुख दह्रो बाँध्नु, साथीलाई चोर नलगाउँनु,
- नमरी स्वर्ग देखिँदैन,
- कि पढेर जानिन्छ कि परेर जानिन्छ,
- छुट्टिएको वर्षको रिस र मरेको वर्षको माया ।

**ङ) रूप विविधताः**

उखानहरू आयामको दृष्टिमा ठूला, मझौला र साना हुन्छन् । यसैगरी शैलीका दृष्टिले प्रश्नात्मक, गीतात्मक र तुकबन्द्रीयुक्त हुन्छन् । यी उखानहरू बोलचालका प्रसङ्गमा सङ्केतात्मक वा दृष्टान्तमूलक भएर जनजिब्रोमा स्वाटस्वाटी आउँछन् ।

जस्तै,

- किन रोइस मङ्गले ?
  आफ्नै ढङ्गले । -प्रश्नात्मक उखान
- जो मरी मरी गर्दछ काम,उसैलाई पीठो छ
  जो बसाह भुँडे गर्दैन काम, उसैलाई मीठो छ । -गीत्यात्मक उखान
- चामल पैसा धामीलाई
  बेथाजति हामीलाई - तुकबन्दीयुक्त उखान

च) लोकप्रियता

समाजमा मानिसले भाषिक व्यवहार सञ्चालन गर्दा उखान प्यारो भएर नै पुस्तौपुस्तासम्म हस्तान्तरण हुने क्रम जारी छ । ग्रामीण परिवेशदेखि लिएर विकसित शहरसम्म उखान हरेकको जनजिब्रोबाट प्रस्तुत हुने अवसर पाएको छ। त्यसैगरी उखान लोक जनजीवनमा भिजेका मार्गदर्शकका रूपमा आउने नेपाली जीवन्त अभिव्यक्ति हुनाले पनि यिनको लोकप्रितालाई नकार्न सकिन्न ।

जस्तैः जानी पनि सकिन्छ, मरी पनि सकिन्छ ।

उपर्युक्त विशेषताहरू उखानका मूलभूत विशेषताहरू हुन् । उखानलाई अध्ययन गर्दै जाँदा अन्य थुप्रै विशेषताहरू पनि भेट्न सकिएलान् किनभने उखान विभिन्न आयाम, प्रसङ्ग, शैलीमा भाषिक व्यवहार सञ्चालन गर्दा स्वतः स्फूर्त रूपमा प्रकट हुन्छन् । जसले समाजका विकृति विसङ्गतिलाई सुर्धान मार्गनिर्देश गर्दछ ।

### २.१.६ उखानको वर्गीकरणको आधार

मानिसले प्रत्येक कुरालाई आ-आफ्नै तवरबाट वर्गीकरण गरेको पाइन्छ । उखान एक सङ्क्षिप्त तत्त्व जसमा विभिन्न विषय परिवेश, जीवन मानवीय आचरण, रीतिरिवाज आदिको अनुभव उनेर विभिन्न शैली तथा संरचनामा पस्कने काम हुन्छ । यसलाई शैली संरचना र विषयवस्तुका आधारमा वर्गीकरण गर्न सकिन्छ ।

समसामायिक परिवेशमा प्रत्येक विधाको वर्गीकरण निश्चित सिद्धान्तका आधारमा गर्नु वैज्ञानिक हुन्छ । उखानको वर्गीकरण गर्नु निकै गाह्रो छ । उखानमा पाइने विविधताका कारण यसका सीमा पर्गेल्न मुस्किलपर्छ । उखानमा जटिलता प्रशस्त भए तापनि अन्वेषण र अध्ययन गर्ने विद्वान्हरूले यसको वर्गीकरणका सम्बन्धमा आधारहरू दिएको पाइन्छ । यिनै आधारहरूले गर्दा यसको वर्गीकरणमा सहजता बनाउनुको साथै यसको महत्त्व पनि प्रष्टिन्छ । उखानको वर्गीकरण मूलतः दुई आधारमा भएको पाइन्छ ।

**१. तुलनात्मक आधारमा :**

- खानभन्दा चाट्न मीठो
  सुत्न भन्दा उड्न मीठो ।

**२. विषयात्मक आधारमा :**

उखानहरू विभिन्न विषयवस्तुसँग आधारित भएर भाषिक व्यवहारका सिलसिलामा प्रस्तुत हुन्छन् । यसले समाजमा कुप्रथाहरूलाई प्रकृति, जीवजन्तु आदिका माध्यमबाट उजागर गर्दै समाजलाई मार्गनिर्देशन गर्दछ । जस्तैः

- देख्नेका आँखाफुटे
  सुन्नेको सही ।
- कुखुरो नभएको देशमा पनि उज्यालो हुन्छ ।

विद्वान्हरूले उखान वर्गीकरण विभिन्न आधारमा गरेको पाइए तापनि उखानको वर्गीकरण मूलतः तीन किसिमबाट गर्न सकिन्छ :

क) आयामका आधारमा

ख) बनोटका आधारमा र

ग) शब्दशक्तिका आधारमा

**क) आयामका आधारमा**

आयमका आधारमा उखानहरूलाई तीन किसिममा बाँड्न सकिन्छ । ती निम्नानुसार छन्ः

- लामा उखान

टाढाका दाजुभाइ, जङ्गलको फूल, अर्काको हातको धन र पुस्तकमा भएको ज्ञान आपत्मा काम दिँदैन ।

- मझौला उखान : लोग्ने स्वास्नीको झगडा, परालको आगो,
  बोल्नेको पीठो बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन ।

- साना उखान

कुबेरलाई दान दिनु

**ख) बनोटका आधारमा**

बनोटका आधारमा उखानहरू निम्नानुसार छन् :

- प्रश्नात्मक उखान

कुनै पनि उखानमा प्रश्नावाचक चिन्ह आएमा ती प्रश्नात्मक उखान हुन् । जस्तैः कहाँ गइस् हराउने ? बिलाउनेका देश ।

- गीत्यात्मक उखान

विभिन्न उखानहरू गीतका रूपमा प्रस्तुत हुन्छन् भने त्यसलाई गीत्यात्मक उखान भनिन्छ । जस्तै;

झ्याल छैनन् घरमा ती कर्मीहरूका
सीप छैन कि हातमा,
वकिलले पनि हार्दछ झगडा
जान्दैन कि बातमा

- तुकबन्दीयुक्त उखान

श्लोक वा पद्यरचनामा तुक मिलेका वा अन्त्यानुप्रासले युक्त उखानहरू तुक उखान हुन् । जस्तै,

- नबिराउनु नडराउनु,
- खाए खा, नखाए घिच्,
- बाँदरलाई लिस्नु,
- जो होचो उसका मुखमा घोचो

-उपमानमूलक :

तुलनात्मक रूपमा दाँज्नु वा उपमाका रूपमा प्रयोग हुने उखानलाई उपमानमूलक अन्तर्गत राखिन्छ । जस्तैः

इन्द्रका अगाडि स्वर्गको बयान ।

**ग) शब्दशक्तिको आधारमा**

शब्दमा हुने शक्तिलाई शब्दशक्ति भनिन्छ । कुनै पनि शब्दमा भएको वा रहेको विशिष्ट शक्तिका आधारमा उखानलाई दुई भागमा विभाजन गर्न सकिन्छः

अभिधात्मक र लक्षणात्मक उखान (पोखेल २०३६:११४)

- अभिधात्मक उखान

कुनै पनि उखानले सोझो अर्थ प्रकट गर्दछ भने त्यस्ता उखानलाई अभिधात्मक उखान भनिन्छ । जस्तैः

- सुख पाए भनी नमातिनु, दुःख पाए भनी नआतिनु,
- जिउँदाको जन्ति मर्दाको मलामी

- व्यञ्जनात्मक उखान

कुनै पनि उखानले सोझो अर्थ प्रकट नगरेर व्यङ्ग्यात्मक अर्थात् घुमाउरो अर्थ प्रकट गर्दछ भने त्यस्ता उखानलाई व्यञ्जनात्मक उखान भनिन्छ । जस्तै;

- मरेका बाघको जुँगा उखेल्नु
- लङ्कामा सुन छ कान मेरो बुच्चै ।

उखानले भाषालाई मिठासमय, खिरिलो र स्वादिलो बनाउने कार्य गर्नुका साथै थोरैमा वृहत् कुरा अटाउन सक्नु उखानको वैशिष्ट्य हो । जीवनका भाषिक अनुभूति र विचारलाई प्रभावकारी र सङ्क्षिप्त रूपले श्रोता समक्ष पुर्‍याउन यसले ठूलो भूमिका खेल्छ । सांस्कृतिक, धार्मिक, पर्यावरण, सामाजिक परिवेश, नैतिक मर्यादा, जीवन दर्शन, नीति चेतना, कृषि व्यवसाय आदि विषयलाई विस्तृत रूपमा टड्कारो तरिकाले व्यक्त गर्दछन् । यी माथि उल्लेख गरिएका विषयवस्तुका आधारमा उखानको विषयात्मक वर्गीकरण गरिएको छ । उखानको सन्दर्भमा विदेशी विद्वानहरूले उखानलाई निम्नानुसार वर्गीकरण गरेको पाइन्छ ।

**क) कृष्णदेव उपाध्ययका अनुसार :**

१. स्थान सम्बन्धी उखान

२. जाति सम्बन्धी उखान

३. प्रकृति तथा कृषि सम्बन्धी उखान

४. पशुपंक्षी सम्बन्धी उखान

५. प्रकीर्ण (पराजुली, २०६५:४१) ।

**ख) जोन क्रिश्चियनका अनुसारः**

१. मानिसका कमजोरी, त्रुटि तथा अगुवासित सम्बद्ध

२. सांसारिक ज्ञान विषयक

३. सामाजिक र नैतिक

४. जातिका विशेषतासँग सम्बद्ध

५. कृषि र ऋतुसम्बन्धी

६. पशु तथा सामान्य जीवजन्तुसित सम्बन्धित (पराजुली, २०६५:४१)

**ग) कुन्दनलाल उप्रेतीका अनुसार :**

१. सामाजिक तथा नैतिक

२. ज्ञान दर्शन तथा साहित्य सम्बन्धी

३. शिक्षा तथा साहित्य सम्बन्धी

४. कृषि तथा ऋतुसम्बन्धी

५. स्थान सम्बन्धी

६. लोक विश्वास सम्बन्धी

७. जीवजन्तु तथा पशुपंक्षी सम्बन्धी

८. प्रकीर्ण (ऐ) ।

### २.१.७ नेपाली उखानको वर्गीकरण

नेपाली उखानको वर्गीकरण गर्न विदेशी विद्वान्हरूले दिएका वर्गीकरणले सहयोग पुऱ्याउँछ । प्रत्येक भाषाभाषीमा आ-आफ्नै प्रकृतिका गतिविधि, परम्परा, रहनसहन, रीतिस्थितिका आधारमा उखानको जन्म भएको पाइन्छ । सम्बन्धित भाषाका सामाजिक मूल्य, मान्यताका आधारमा यसको वर्गीकरण गर्नु युक्ति सङ्गत हुन्छ । नेपाली उखानलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

भाषाविद् कृष्णप्रसाद पराजुलीले उखान र गाउँखाने कथामा विषयात्मक आधारमा नेपाली उखानहरूको निम्नानुसार वर्गीकरण गरेका छन् :

क) सामाजिक तथा नीति चेतनाका आधारमा,

ख) ज्ञान विज्ञानका आधारमा,

ग) कृषि व्यवसायका आधारमा,

घ) लोकविश्वासका आधारमा,

ङ) अन्य विषयका आधारमा

- हास्यव्यङ्ग्य सम्बन्धी
- इतिहास सम्बन्धी
- प्रकृति सम्बन्धी

- पशुपंक्षी सम्बन्धी (ऐ पृ : ४३)।

**१. बालकृष्ण पोखेलका अनुसारः**

क) अभिधामूलक

ख) लक्षणामूलक

**२. चूडामणि बन्धुका अनुसारः**

क) शब्द स्रोतका आधारमा :

- तत्सम्
- तद्भव र झर्रा
- आगन्तुक शब्दनिर्मित

ख) वाक्य संरचनाका आधारमा :

- सरल
- जटिल

ग) वाक्यार्थ वा भावका आधारमा :

- निश्चियार्थक
- प्रश्नार्थक
- विध्यर्थक

घ) दृष्टिविन्दुका आधारमा :

- प्रथम पुरुष
- मध्यम पुरुष
- अन्य पुरुष

ङ) आकारका आधारमा :

- छोटा,
- मझौला र
- लामा

च) अर्थका आधारमा :

- अभिधामूलक
- लक्षणामूलक
- व्यञ्जनामूलक (बन्धु,२०५८:३४१)।

स्नातकोत्तर तथा विद्यावारिधि उपाधि प्रयोजनको लागि नेपाली उखान सम्बन्धी शोध गर्ने शोधकर्ताहरूले निम्नानुसार नेपाली उखानहरूको वर्गीकरण गरेका छन् :

**१. कुलप्रसाद कोइरालाका अनुसार**

क) सन्देशका आधारमा

- समाज सापेक्ष
- सार्वभौमिक

ख) विषयका आधारमा :

- पशुपंक्षी, वृक्ष
- लोक विश्वास
- जङ्गली जनावरका अङ्ग उपाङ्ग (कोइराला, २०५६:७१)।

**२. शिवप्रसाद पौडेलका अनुसारः**

क) रूपात्मक आधार

- अभिधा
- लक्षणा र
- व्यञ्जनात्मक उखान

**ख) संरचनात्मक दृष्टि अनुसार :**

- अनुप्रासमूलक
- आकारगत
- उपमानमूलक
- गीति लयात्मक
- तुकबन्दीयुक्त
- प्रश्नमूलक
- प्रश्नोत्तरात्मक

**३. विषयात्मक वर्गीकरणः**

क) नीति शिक्षा सम्बद्ध

ख) धर्मसंस्कृति सम्बद्ध

ग) लोकविश्वास र जीवनदर्शन सम्बन्धी

घ) सामाजिक स्थिति झल्काउने

ङ) आर्थिक पक्षसँग सम्बद्ध

च) प्रकृतिक जगत् सम्बन्धी

छ) स्थान विशेषसँग सम्बन्धित

ज) पशुपंक्षी सम्बन्धी

झ) विविध विषयसँग सम्बन्धित (कोईराला, २०५६:६९)

**४. गौतमको शोधपत्र अनुसारः**

क) कृषि व्यवसायी सम्बन्धी उखान

ख) लोकविश्वास र जीवन-दर्शन सम्बन्धी उखान

ग) नीति शिक्षा सम्बन्धी उखान

घ) आर्थिक पक्ष सम्बन्धी उखान

ङ) पशुपंक्षी सम्बन्धी उखान

च) धर्म सम्बन्धी उखान

छ) प्रकृति सम्बन्धी उखान

ज) स्थानविशेष सम्बन्धी उखान

झ) विविध उखान

यसैगरी शोधार्थी शेखर अर्यालले उनको शोधपत्र (२०६०) र शोधकर्ता गोविन्दप्रसाद राजवंशी (२०६७) शोधपत्रमा उखानको वर्गीकरण गर्दा भाषाविद् कृष्णप्रसाद पराजुलीद्वारा वर्गीकृत आधारमा नै गरेको पाइन्छ ।

भाषा कृष्णप्रसाद पराजुलीको उखानहरूको वर्गीकरण आधारहरूलाई आधार मानी नेपाली उखानहरूको वर्गीकरण तथा विवेचना निम्ननानुसार गरिएको छ :

**क) सामाजिक तथा नीति चेतनाका आधारमा**

समाज स्वीकार्य तथा जनजिब्रोमा भिजेका र भाषिक व्यावहार सञ्चालनका क्रममा स्वतः स्फूर्त रूपमा आउने लोकप्रिय उक्ति नै सामाजिक उखान हुन् । सामाजिक जीवन पद्धतिको परिचय उखानको अध्ययनबाटै प्राप्त हुन्छ । समाजका प्रत्येक कुराहरू उखानबाट प्राप्त गर्न सकिन्छ । समाजको रहनसहन, खानपान, शिक्षा, स्वास्थ्य, बालबृद्ध र नारी, घरेलु विषय, विभिन्न जाति, पेशा, प्रकृति, दुःख-सुखको जीवन जगत् आदि विषयमा उखानहरू प्रयोगमा आउने गर्दछन् । नीतिमूलक उखान भने नैतिक वा आत्मीय तात्पर्य बुझाउने ठीक बेठीक

छुट्याउने, असल, खराब औल्याउने जस्ता गहकिला अर्ति उपदेश दिएर उखानले नैतिक चेतना प्रदान गरेको हुन्छ । जस्तै;

- बाह्र वर्षमा खोलो फर्किन्छ,
- आफ्नो थैलीको मुख दह्रो बाँध्नु, साथीलाई चोर नलगाउँनु,
- धैर्यको फल मीठो हुन्छ,
- अग्रजको अर्तीलाई कहिल्यै तुच्छ नठान्नु,
- बैगुनीलाई गुनले मार्नु ।

**ख) ज्ञानविज्ञानका आधारमा**

उखानमा वैज्ञानिक रूपको तात्विक भिन्नतालाई खुट्याउन कठिन भए तापनि व्यावहारिक सत्यता यसमा प्रचुर मात्रमा पाइन्छ । सुरक्षित राखिएका लोकव्यवहारका यी उखानले सबैको ध्यानाकृष्ट गर्न सफल भएका छन् । यी उखानले जीवनका यथार्थ चिन्तन, दर्शन तथा दृष्टिकोण पेश गरेको पाइन्छ । यस प्रकार नेपाली उखानमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान, जीवन दर्शन, मनोविज्ञान, भाषा गणित, समाजशास्त्र, ज्योतिषशास्त्र आदिमा पनि उखानले अहम् भूमिका खेलेको हुन्छ । जस्तै;

- अर्ति भनेको घर्तीको पनि मान्नुपर्छ ,
- चोर आएका भोलिपल्टको जाग्राम
- कि भनेको मान्नु कि ज्ञान जान्नु ।

**ग) कृषि व्यावसायका आधारमा**

कृषि व्यावसायलाई मूल चुरो बनाएर उल्लेख गरिएका उखान नेपाली जनजीवनमा यत्रतत्र भेटिन्छन् । काममा थकित् हुँदा वा खुसी हुँदा, दुःख प्रकट गरिने उखानहरू प्रशस्तै रहेका छन् । असार मङ्सिर जस्ता मानो खाएर मुरी उब्जाउने श्रम र समयको सदुपयोग गर्ने जस्ता शिक्षामुलक कुरा उखानमा पाइन्छन् । जस्तै;

- अल्छे तिघ्रो, स्वादे जिब्रो,
- उद्योगीले जोगी हुनु पर्दैन,
- हुलमुलमा जिउ जोगाउनु, अनिकालमा बीउ जोगाउनु,
- अन्न बेच्नेलाई सबैले सराप्छन् तर त्यसको थाप्लामा आसिकै छ ।

### घ) अन्य विषयका आधारमा

#### १. इतिहासका आधारमा

यस्ता उखानले समाजमा इतिहासका विषयमा रहेका पुर्ख्यौली गाँठी कुरा प्रकट गरेका पाइन्छन् । जस्तै;

- बर्मा गए कर्मसँगै नेपाल गए कपाल सङ्गै,
- बाह्र वर्षमा खोलो फर्किनु,
- अङ्ग्रेजको कल, भोटेको बल, नेपालीको छल,
- राजाको काम कहिले जाला घाम ।

#### २. हस्यव्याङ्ग्यका आधारमा

नेपाली उखानमा हास्यव्याङ्ग्यका पक्षहरू प्रचुर मात्रमा पाइन्छन् । यस्ता उखानले मानिसका मनमा आन्दानुभूति गराउँछन् भने अर्को तर्फ व्यङ्ग्यको झटारो प्रहार गर्दछन् । जस्तै;

- बूढा बाबा आमालाई के सारापूँ यो वर्ष मेरा जुँगा नरहुन्,
- कुकुरको पुच्छर बाह्र वर्ष ढुङ्ग्रोमा राखेपनि बाङ्गाको बाङ्गै,
- चौटा खान गएकी बुढी झोलमा डुबेर मरी,
- मलामी जाने बाँच्छु भन्ने ठान्दैन,
- विष्टका घरमा रोटी पाक्दैन, पुरीका घरमा खसखस,
- वाँदरको हातमा नरीवल ।

#### ३. प्रकृतिका आधारमा

प्रकृतिसँग सम्बन्धित उखान सूक्ष्म निरीक्षणका परिणाम हुन् । यस्ता किसिमका उखानले समयको गति पत्ता लगाउने वा सङ्केत गर्ने गर्दछन् (अर्याल, २०६० : १६) । जस्तै;

- लहरो तान्दा पहरो गर्जन्छ,
- अकाशको फल आँखा तरी मर,
- नमरी स्वर्ग पुगिन्न,
- लुतेल्याङ्ग्रा माघलाई बलिया बाङ्गा बाघलाई,
- पुष फासफुस ।

**४. पशुपंक्षीका आधारमा**

उखानबाट पशुपंक्षीका गुणदोष वा स्वभाव सजिलैसँग व्यक्त गरिएका हुन्छन् । जस्तै;

- भिरबाट लड्ने गाईलाई राम भन्न सकिन्छ, काँध हाल्न सकिन्न,
- बाँदरको पुच्छर लौरो न हतियार,
- बाँदरको हातमा नरिवल,
- काग कराउँदै गर्छ, पिना सुक्तै जान्छ,
- घोडा चम्केको र हात्ती लम्केको मिल्दैन,
- बाघ बूढो र स्याल तन्नेरी,
- पानी माथिको ओबानो ।

**५. मानवीय प्रवृत्तिका आधारमा**

उखानबाट कुनै पनि व्यक्ति स्वार्थी र कपटीपूर्ण चरित्रको उद्घाटन गरिएको हुन्छ भने त्यस किसिमका उखानहरूलाई मानवीय प्रवृतिसँग ठ्याक्कै मिल्दाछन् । जस्तै;

- जुठो खानु मीठोको लागि,
- ताकपरे तिवारी नत्र गोतामे,
- गाई दुहुन आफ्नो सिक्नु, घर छाउन अर्काको सिक्नु,
- बडालाई चैन, छोटालाई ऐन,
- बलेको आगो नतापी निभेको आगो को ताप्छ ।

**६. समसामयिक आधारमा**

हालको परिवेशसँग सान्दर्भिक हुने किसिमका वा वर्तमान भाषिक जीवनका मर्महरूलाई उजागर गर्ने खालका उखानहरूलाई समसामयिक उखान भनिन्छ । जस्तै;

- पापको पुण्य, धर्मको शून्य,
- साँडेको जुधाई बाछाको मिचाई,
- मागेको गोरु चोरेको हलो, हुनभन्दा नहुनु भलो,
- जुन जोगी आए पनि कानै चिरेको ।

**७. मनोवैज्ञानिकताका आधारमा**

- बनको बाघले खाओस् नखाओस मनको बाघले खान्छ,
- चोर्नेको एउटा पाप चोराउनेको सय पाप,
- चोरको खुट्टा काट् भन्दा आफ्नो खुट्टा तान्नु,

- बन डढेको सबैले देख्छन् मन डढेको कसैले देख्दैनन्,
- मनको बह कसैलाई नकह ।

उखानको वर्गीकरण निम्नानुसार आरेखबाट पनि प्रस्तुत गर्न सकिन्छ :

**उखानको वर्गीकरण**

सामाजिक तथा नीतिचेतनाका अधारमा | ज्ञान विज्ञानका आधारमा | कृषि व्यवसायका आधारमा | लोकविश्वासका आधारमा | अन्य विषयका आधारमा

ज्ञान विज्ञान कृषि व्यवसाय

सामाजिक नीतिचेतना

इतिहासका आधारमा | हास्यव्यङ्ग्यका आधारमा | प्रकृतिका आधारमा | पशुपंक्षीका आधारमा

स्रोतः (पराजुली २०६५:४३)

**निष्कर्ष**

उखान जीवनका तीतामीठा अनुभवहरू संगाल्दै विविधतामय मानवीय चरित्र शसक्त रूपमा प्रस्तुत गर्दै मनोरञ्जन प्रदान गर्ने विशिष्ट उक्ति हो । यसले बौद्धिक क्षमताको अभिवृद्धि गर्नुका साथै भाषिक व्यवहारलाई मिठासपूर्ण बनाउँछ । यति मात्र नभएर भाषा पाठ्यक्रमको मर्म अनुरूप रहेका उखानहरूले भाषिक अभिव्यक्तिलाई मर्मस्पर्शी, तर्कपूर्ण, सङ्क्षिप्त, कलात्मक, व्यङ्गात्मक, सारगर्मित, दृष्टान्तमूलक, ओजपूर्ण बनाउने मात्र नभएर समग्र मानव जातिलाई सही मार्ग निर्देशन गर्दछ ।

यी सन्देशहरू लोक जीवनका लागि मात्र नभएर समग्र साहित्यिक विकासका लागि पनि उपयोगी बन्न सक्छन् । नेपाली उखानको सङ्कलन र विश्लेषण केही मात्रमा भए

तापनि नि.मा.वि. तहमा प्रयुक्त उखानको अध्ययन विश्लेषण ओझेलमा परेको छ । यसैलाई हृदयङ्गम गरी अध्ययन गर्ने जमर्को गरिएको छ ।

उखानमा समाजको यथार्थ चित्रण हुने भएकोले समाजमा प्रचलित महिला पुरुष बीच भिन्नता, गरिब र धनी बीचको असमानता जस्ता यथार्थ उखानबाट बुझ्न सकिन्छ । यसरी उखानको महत्त्वलाई ख्याल गर्दै नि.मा.वि. तहमा समाविष्ट उखानको अध्ययन अनुसन्धान गरिनु आवश्यक छ ।

## २.२ टुक्काको सैद्धान्तिक परिचय

### २.२.१ टुक्काको परिचय

टुक्का भाषिक व्यवहारका क्रममा बोलिने अपूर्ण वाक्य वा अपूर्ण पदावली हो । टुक्का आफैँमा पूर्ण हुँदैन । भाषिक व्यवहारका क्रममा टुक्का वाक्यमा प्रयोग भएर वाक्यलाई सरल, सरस एवम् चमत्कारपूर्ण बनाउँछ । त्यसैले टुक्कालाई भाषाको प्राण वा लोकजीवनबाट भाषिक व्यवहारका क्रममा आएको अभिव्यक्तिगत ठूलो सम्पत्ति मान्न सकिन्छ ।

टुक्कालाई भाषाको ओज र ज्यान मान्न सकिन्छ । वाक्यमा हुने प्रयोग र अनुभवबाट आर्जित ज्ञान यिनको पृष्ठभूमिको रूपमा रहन्छ । यसैकारण यिनको प्रयोगले भाषा मार्मिक, सरस र सजीव हुनाका साथै प्रभावपूर्ण पनि हुन्छ । उखानटुक्काले सम्पन्न नभएको भाषा कहिले पनि फस्टाउन सक्तैन । यसकारण रचनामा यी दुवैको महत्त्वपूर्ण स्थान रहेको हुन्छ (पराजुली, २०५५:१८१) ।

टुक्काले साधारण र विशिष्ट गरी दुवै अर्थ लिन्छ । जस्तै, आँखा चिम्लनुको सामान्य अर्थ आँखा बन्द गर्नु बुझिन्छ तर यसको अर्थ विशेष अर्थ मर्नु, संसार छोड्नु, संसार त्याग्नु भन्ने हो । टुक्काले विशेष गरी लाक्षणिक अर्थ प्रदान गर्छ । टुक्काले आफू एक्लै विशेष अर्थ प्रदान गर्न सक्तैन । यसले विशेष अर्थ प्रदान गर्न वाक्यमा प्रयोग हुनै पर्दछ ।
वाक्यस्तरको संरचना हुने त्यस सूत्रात्मक उक्ति वा कथनलाई टुक्का भनिन्छ । जसको अर्थ त्यस उद्देश्यसँग सम्बद्ध हुन्छ (शर्मा, २०५३:९७) ।

विशेषतः कथ्य भाषामा शब्दहरूको प्रयोग गर्दै जाँदा लोक प्रसिद्ध रुढीबाट टुक्काहरू निःसृत हुँदै आएका हुन् । यो एक वाक्य खण्डमा हुन्छ र वाक्यमा प्रयुक्त भए पछि मात्र त्यसले विशिष्ट अर्थ प्रदान गर्दछ । कुनै पनि शब्दसँग कुनै क्रियाको मेल भएमा त्यो टुक्का बन्न

सक्दैन । जस्तै, 'आँखा चिम्लनु' को सट्टा 'चक्षु चिम्लनु' हुँदैन । यसैले टुक्काले अर्थ शब्दगत नभएर सन्दर्भगत र अभिधेय नभएर लाक्षणिक दिने हुनाले अनुचित प्रयोग भएको खण्डमा अर्थको अनर्थ हुन्छ । यसरी आफ्नो भनाइलाई रहस्यमूलक र गोपनीय राख्न भाषालाई रोचक र मिठासमय बनाउन सरल, सरस एवम् विशिष्ट बनाउनका साथै शैलीमा माधुर्य ल्याउनका लागि भाषामा टुक्का प्रयोग गरिने कुरालाई नकार्न सकिन्न ।

### २.२.२ टुक्काको परिभाषा

टुक्का भन्नाले वाक्यांश वा पदावलीगत संरचना भएको विशिष्ट अर्थ प्रदान गर्ने वाक्यांशलाई बुझ्न सकिन्छ । शब्दको मुक्त रूपको सङ्ग्रहित संरचना भएको त्यस पदसमूहलाई टुक्का भनिन्छ, जुन अभिधेयार्थ नभएर विशिष्ट अर्थ वा भाव प्रदान गर्न सक्षम हुन्छ । जस्तै, स्वाहा हुनु :

घनश्यामले जुवा खेलेर सारा सम्पत्ति स्वाहा पारेछ ।

नेपाली लोक साहित्य अन्तर्गत विविध विधामध्ये महत्त्वपूर्ण विधा टुक्काको परिभाषा विभिन्न शिक्षाविद्हरूले दिने प्रयास गरेका छन् । ती परिभाषाहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

१."भाषागत प्रयोगले रुढी र अवस्था अनुसार कुनै पद, पदसमूह वा वाक्यांशहरू आ-आफ्नो खास अर्थलाई छोडी विशेष अभिव्यक्ति दिन पुग्दछन् । त्यस्ता विशेष अर्थ बुझाउने पद वा समूह वा वाक्यांशलाई टुक्का भनिन्छ"(थापा र अन्य, २०४१:४१५) ।

२. "यदि कुनै वाक्यांश पद वा पदसमूहले कुनै अर्ती, उपदेश, सूक्ति अथवा परम्परागत उद्‌गार प्रकट नगरिकन वाच्यार्थमा बाधा तेर्स्याएर लक्ष्यार्थ जाहेर गऱ्यो भने त्यो तुक्का अथवा टुक्का कहलाउँछ" (पोखेल, २०४३:१२८) ।

३. "क्रियासँग खासखास शब्दको संगठित संरचना भएको त्यस्तो पदसमूहलाई टुक्का भनिन्छ, जो अभिधेय नभएर विशिष्ट अर्थमा रुढ हुन्छ ।"

४. "भाषामा वाक्यांशहरू साधारण अर्थ बाहेक वाच्यार्थ नै छाडेर नयाँ अर्थमा आउँछन् । यसरी जुन वाक्यांश सारगर्भित अर्थमा प्रयोग हुन्छन् ती टुक्का हुन् (पराजुली, २०५०:१८६) ।

५. "लक्ष्यार्थ जाहेर गर्ने कुनै पद, पदसमूह अथवा वाक्यांशलाई तुक्का वा टुक्का भनिन्छ (कोइराला, २०५५:१४२) ।

उपर्युक्त विद्वान्हरूले दिएका परिभाषाहरूलाई हेर्दा यो प्रष्टिन्छ कि सम्बन्धित शब्दसँग सम्बन्धित क्रियाको मेल भई बनेका अभिधेयार्थ एवम् वाच्यार्थलाई छोडेर लक्ष्यार्थ प्रकट गर्ने पद वा पदसमूहलाई टुक्का वा तुक्का भनिन्छ । यस्ता टुक्काको प्रयोगले भाषा सबल, सक्षम, मिठासमय र सजीव रहन सक्छ ।

### २.२.३ नेपाली टुक्काको वर्गीकरण

विभिन्न विद्वान्हरूले आ-आफ्नै तवरले अनेकौं कोणबाट नेपाली टुक्काको वर्गीकरण गरेको पाइन्छ । कृष्णप्रसाद पराजुलीको 'भाषाको माया' नामक पुस्तकमा नेपाली टुक्काको अध्ययन तथा विश्लेषण शीर्षक आलेखमा क्रियायुक्त टुक्का र क्रियामुक्त टुक्काका रूपमा टुक्काका विश्लेषण गरेको पाइन्छ ।

डा. शम्भुप्रसाद कोइरालाले टुक्कालाई निम्नानुसार वर्गीकरण गरेको पाइन्छ :

१. संस्कार वा परम्परामा आधारित टुक्का,

२. ऐतिहासिक घटानामा आधारित टुक्का,

३. पौराणिक घटनामा आधारित टुक्का,

४. आर्थिक स्थितिमा आधारित टुक्का,

५. अन्धविश्वासमा आधारित टुक्का,

६. पशुपंक्षीमा आधारित टुक्का,

७. मानवीय प्रवृतिमा आधारित टुक्का (कोइराला, २०५५:१६१-१६२)

।बालकृष्ण पोखेलले राष्ट्र भाषामा टुक्कालाई एकपदीय र अन्य पदीय भनेर वर्गीकरण गरेका छन् । चूडामणि बन्धुले भने एक पदीय टुक्का हुन नसक्ने जनाएका छन् । उनको तर्क छ टुक्का मूलतः पद समूह हो त्यसैले टुक्का एकपदीय हुन सक्तैन नेपाली भाषामा प्रयोग हुँदै आएका टुक्काको मोटामोटी अध्ययन गर्दा र यिनीहरूको संरचना आदिलाई हेर्दा नेपाली टुक्कालाई तीन किसिमबाट विभाजन गर्न सकिन्छ :

**क) रूपात्मक आधारमा**

- एकपदीय
- अनेकपदीय

**ख) विषयात्मक आधारमा**

- ऐतिहासिक तथा पौराणिक,
- संस्कार वा परम्परा,

- सामाजिक विषयवस्तुमा,
- आर्थिक स्थितिमा र
- पशुपंक्षीमा आधारित ।

**ग) क्रियापद हुने/नहुने आधारमा**

- क्रियायुक्त : उड्दो चरा खसाल्नु, जिउँदै मर्नु, बाबुको बिहे देखाउनु
- क्रियामुक्त : जङ्गलको रूवाई ।

टुक्काको वर्गीकरणलाई आरेखबाट पनि प्रस्तुत गर्न सकिन्छ :

**टुक्काको वर्गीकरण**

रूपात्मक आधारमा                विषयात्मक आधारमा      क्रियापद हुने/नहुने आधारमा

एकपदीय      अनेकपदीय                                  क्रियायुक्त        क्रियामुक्त

ऐतिहासिक तथा पौराणिक      संस्कार वा परम्परामा आधारित      सामाजिक विषयवस्तुमा आधारित      पशुपंक्षीमा आधारित

आर्थिक विषयवस्तुमा आधारित

**स्रोत :(कोइराला, २०५५:१६१-१६२)**

## २.२.४ नेपाली टुक्काको विशेषता

टुक्का नेपाली भाषाको जीवनशक्ति वा प्राण नै हो । अभिव्यक्तिका क्रममा थोरै शब्दमा धेरै कुरा भन्ने काम टुक्काद्वारा हुन्छ । टुक्काको प्रयोगले वाक्यमा रोचकता आउँछ भने अभिव्यक्ति छरितो र कसिलो हुन्छ । टुक्कामा भाषाको चोखोपन रहेको हुनाले यसको उचित प्रयोग भएको भाषा शैलीमा माधुर्य बढ्छ र सौन्दर्य थपिन्छ (पराजुली २०४४:११५) ।

भाषिक व्यवहार सञ्चालनार्थ भाषिक अभिव्यक्तिका क्रममा आउने लाक्षणिक अर्थ ग्रहण गर्ने पदावली वा वाक्यांशको अनुक्रम टुक्का हो । टुक्काले सिङ्गो वाक्यलाई विशिष्टता प्रदान गर्ने हुँदा यसको प्रयोग पनि समुचित तवरबाट हुनु आवश्यक देखिन्छ । यसको अर्थ शब्दगत नभएर सन्दर्भगत अनि अभिधेय नभएर लक्षणामूलक हुने भएकोले ठीक प्रयोग

नभएमा अर्थको अनर्थ हुनजान्छ । नेपाली टुक्का विशेषताहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

क) सङ्क्षिप्तता

टुक्का कोशीय एकाइ हो । यसमा विन्दुमा सिन्धु अटाएको हुन्छ । आजको वैज्ञानिक युगमा मान्छेले प्रत्येक कुरालाई छोटो वा सटिक बनाउँछ । धेरै कुरालाई थोरैमा पस्कनु टुक्काको विशेषता हो । जस्तै, 'मास छर्नु" टुक्काले सोझो अर्थ मास वा दाल छर्ने अर्थलाई नबुझाएर लाक्षणिक रूपमा कुनै पनि व्यक्तिको मृत्यु भएको अर्थ व्यक्त गरेको छ ।

ख) लोकप्रियता

सामाजका प्रत्येक व्यक्तिमा कुनै पनि कुरा लोकप्रिय नभई स्थान पाउँदैन । टुक्काको प्रयोग सम्पूर्ण मानिसहरू चाहे शिक्षित वा अशिक्षित नै किन नहुन समान प्रयोग र लोकप्रिय भई उक्तिलाई विशिष्टता प्रदान गर्दछ । समाजिक जीवनमा आत्मियताको वृद्धि गर्नका लागि टुक्काहरू खारिएर र माझिएर आउनुका साथै महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । भाषालाई स्वादिलो, शैलीलाई राम्रो बनाउन र विशिष्टता प्रदान गर्ने टुक्काको लोकप्रियतालाई नकार्न सकिन्न ।

ग) सरलता र सरसता

टुक्का लोकक्तिका रूपमा भाषिक व्यवहारका क्रममा आउने सहज र स्वतः स्फूर्त अभिव्यक्ति हुन् । लोक जीवनको अनुभवमा राखिएका र माझिएका उक्तिमा सरलता र सहजता हुनु टुक्काको महत्त्वपूर्ण विशेषता हो । नेपाली टुक्काहरू सरल भएर पनि ओजपूर्ण, सारगर्भित, सङ्क्षिप्त, लोकप्रिय र बान्किला हुन्छन् ।

### २.२.५ उखान र टुक्कामा भिन्नता

साधारण बोलीको क्रममा वक्ताहरूले आफ्नो अभिव्यक्तिलाई ओजपूर्ण बनाउनका लागि र भनाइको पुष्टि गर्ने क्रममा विशिष्ट उक्तिको प्रयोग गर्दछन् यसलाई उखान भनिन्छ । त्यस्तै भाषिक व्यवहार सञ्चालनार्थ पदावली स्तरका सङ्क्षिप्त एकाइलाई वाक्यमा समिश्रण गरी अभिव्यक्तिलाई चमत्कारी एवम् लाक्षणिक बनाउने कार्य टुक्काले गरेको पाइन्छ । समान्य अर्थमा उखान र टुक्कालाई एउटै अर्थमा लिने गरेको पाइन्छ । यिनीहरूले प्रदान गर्ने विशिष्ट अर्थका तुलनामा आकार सङ्क्षिप्त हुनुका साथै भाषालाई रसिलो, मीठो र जीवन्त बनाउने हुँदा एउटै रूपमा लिएको पाइन्छ । वास्तवमा यिनीहरूको संरचना तथा

निहित अर्थलाई विश्लेषण गर्ने हो भने उखान र टुक्का अलग अलग विधा भन्ने कुरा प्रष्टिन्छ ।

उखान र टुक्काका बीचमा रहेका भिन्नार्थहरूलाई सूक्ष्म रूपमा विश्लेषण गर्दा निम्नानुसारका अन्तरहरू भेटिन्छन् :

१. उखान लघु आकारको हुन्छ भने टुक्का लघुत्तर आकारको हुन्छ ।

२. उखानहरूले स्वतन्त्र अर्थ दिनसक्छन् भने टुक्काहरूले वाक्यमा प्रयोग भएपछि मात्र आफ्नो अर्थ प्रकट गर्छन् ।

३. उखान मुक्त प्रकृतिको हुन्छ भने टुक्का बद्ध प्रकृतिको हुन्छ ।

४. उखानको आयाम वाक्यस्तरको हुन्छ भने टुक्काको आयाम पदावली स्तरको हुन्छ ।

५. उखान भाषिक अभिव्यक्तिको चमत्कार हो भने टुक्का भाषिक शब्दभण्डार हो ।

६. उखान वाक्यगत एकाई हो भने टुक्का कोशीय एकाइ हो ।

७. उखानलाई भाषिक अभिव्यक्तिबाट झिकिदिँदा अर्थगत संरचना खज्मजिदैन भने टुक्कालाई वाक्यबाट झिकिदिँदा वाक्यगत तथा अर्थगत संरचना खज्मजिन्छ ।

८. उखान गद्यात्मक र पद्यात्मक दुवै रूपमा आएका हुन्छन् भने टुक्का गद्यात्मक रूपमा प्रस्तुत हुन्छन् ।

९. टुक्का खास खास शब्दसँग खास खास क्रियाको मेल भएपछि मात्र बन्दछ भने उखानमा यो नियम लाग्दैन । उखान सूक्ति जस्तै हुन्छ ।

१०. उखानहरू दृष्टान्तमूलक र व्यञ्जनमूलक हुन्छन् भने टुक्का लक्षणामूलक हुन्छन् ।

११. उखानहरू व्याकरणात्मक कोटी अनुरूप बद्लिदैनन् भने क्रियायुक्त टुक्काहरू व्याकरणात्मक कोटी अनुरूप बद्लिन पनि सक्छन् । जस्तै; मुख लाग्नु ।

१२. उखानमा आख्यानात्मक तत्त्व वा अनुभवको सार हुन्छ भने टुक्कामा यसको अभाव देखिन्छ । टुक्का भाषाको सजावटका रूपमा आउँछन् ।

१३. एउटै क्रियामूलक शब्दमा धेरै टुक्काहरू बन्न सक्छन् तर उखान जथाभावी बन्न सक्दैनन् ।

१४. उखानको प्रयोग दृष्टान्त वा नैतिक सन्देशका निम्ति र फुक्का रूपमा पनि हुन्छ भने टुक्काको प्रयोग भावतीक्ष्णता तथा शब्दशक्तिका निम्ति हुन्छ (पराजुली, २०४४:९८)

### २.२.६ निष्कर्ष

भाषामा टुक्का उक्तिका रूपमा आउने महत्त्वपूर्ण कोशीय एकाई हो । नेपाली लोकसाहित्य अन्तर्गतका विविध विधाहरू मध्ये एउटा महत्त्वपूर्ण विधा टुक्काको अध्ययन अन्य विधाको तुलनामा निकै कम भएको पाइन्छ । भाषाको क्षेत्रमा लोकोक्तिका रूपमा आउने टुक्काको महत्त्व अपरिहार्य छ । भाषालाई छरितो, मीठो, रसिलो र सारपूर्ण बनाउने टुक्काको विस्तृत अध्ययन अनुसन्धान हुनु आवश्यक देखिन्छ । अझ विद्यालयमा प्रयुक्त टुक्काको विश्लेषण गर्दा भाषिक रूपमा सवल र सक्षम् बनाउन  यसको गहन अध्ययन हुनु आवश्यक देखिन्छ ।

## २.३ सम्बन्धित सहित्यको पुनरवलोकन

उखान भाषा साहित्यलाई सरल, सजीव र जीवन्त बनाउने भाषिक समुदायको सशक्त उद्गार हो । अध्ययनको क्रममा उखान र टुक्का अगाडि प्रकाशित पुस्तक, पत्रपत्रिका, लेख, प्रतिवेदन अध्ययन गरी समीक्षा गर्न सकिन्छ । भाषा शास्त्रीय, साहित्यिक र सामाजिक दृष्टिले उखानको अध्ययनको महत्त्व छ । भाषा साहित्यलाई सजीव, जीवन्त र सरल बनाउन उखान अत्यावश्यक हुन्छ । उखानको महत्त्व बुझेर विभिन्न विद्वानहरूले नेपाली उखानको सङ्कलन, सम्पादन गर्ने तथा लेख रचना प्रस्तुत गर्नुको साथै केही पुस्तक प्रकाशन र अनुसन्धान गरेको देखिन्छ । नेपाली भाषामा उखान र टुक्काको प्रयोग प्रचुर मात्रामा भएको पाइन्छ ।

सर्वप्रथम साहित्यकार मोतिराम भट्टले ‘उखानको बखान र जान्ने कथाको सङ्ग्रह’ लेखेका पाइन्छ । उनको यस सङ्ग्रहमा नेपाली भाषिक समुदायका जनजिब्रोमा प्रचलित उखानहरूको प्रस्तुत गरेको पाइन्छ ।

गंगापसाद प्रधानको ‘नेपाली उखानको पोस्तक’ सङ्ग्रह प्रकाशित छ; जसमा उखानको वर्णानुक्रमलाई समावेश गरिएको छ । उनको यस सङ्ग्रहले नेपाली उखान लेखनको विकासमा एउटा नयाँ आयाम थपेको छ ।

महावीर सिंह गड्तौलाको ‘उखान र वखानको प्रवाह’ मा उखानको वर्णानुक्रम प्रस्तुत गरिएको पाइन्छ । उनको यस सङ्ग्रहले पनि नेपाली उखान लेखनको फाँटलाई अझ उर्वर बनाउन सहयोग पुऱ्याएको पाइन्छ ।

उखान लेखनको फाँटमा पुष्कर शमशेरको योगदान महत्त्वपूर्ण छ । उनको वि.स. १९९० देखि उखान टुक्काको वर्णानुक्रम सूची र वाक्यांश वाक्यपद्धति कोश खण्ड १ र खण्ड २ सङ्ग्रहहरू रहेका छन् । उक्त कोशमा नेपाली जनजिब्रोमा भिजेका उखान टुक्काहरूलाई वर्णनुक्रममा राखिएको छ । यस कोशमा उखान टुक्का भित्र समाविष्ट कठिन शब्दहरूलाई नम्बरले विन्यास स्थानमै सङ्केत गरिएको छ भने उक्त कठिन तथा नवीन शब्दको अर्थ पाद टिप्पणीमा खोलुवा गरिएको छ । यसै गरी खास खास उखानलाई त्यस उखानको पृष्ठभूमि सहितको सन्दर्भ दिएर आशय स्पष्ट पारिएको छ ।

वि.स. २०२७ मा राममाणि आदिद्वारा सम्पदित 'उखान सङ्ग्रह' प्रकाशित रहेको छ । यसमा नेपाली, हिन्दी र संस्कृत उखानहरू समावेश गरिएका छन् । यसका साथै रत्नाकर देवकोटाद्वारा सम्पादित 'जुम्लेली शब्द र उखान सङ्ग्रह' प्रकाशित भएको छ । यसमा विभिन्न किसिमका उखानलाई पहिचान गराउने कार्य भएको छ ।

त्रिभुवन विश्वविद्यालय नेपाली स्नातकोत्तर प्रयोजनका लागि बद्रीविशालको २०३५ मा 'वैतडेली उखानको वर्गीकरण' नामक शोधपत्र प्रस्तुत गरेको पाइन्छ । यस शोधपत्रमा वैतडी जिल्लामा प्रचलित उखानहरूको अध्ययन गरिएको छ । शोधपत्रले त्यहाँको लाकोक्ति वा उखानलाई वर्गीकरण गरेको छ ।

उखान सम्बन्धी लेखन तथा सङ्कलनमा कृष्णप्रसाद पराजुलीको "राम्रो रचना मीठो नेपाली" (२०३६) को संस्करणमा उखानको परिचय दिनुका साथै केही उदाहरणहरू प्रस्तुत गरिएको छ । उनले "उखान टुक्का भाषाका ओज र ज्यान हुन् । यिनको प्रयोगले भाषा मार्मिक, सरस र सजीव हुनाको साथै प्रभावपूर्ण हुन्छ । उखान टुक्काले सम्पन्न नभएको भाषा कहिल्यै फस्टाउन सक्दैन" भनेर उखान टुक्काको भाषामा रहेको स्थान औल्याएका छन् । यसै गरी उखान र टुक्काको फरक पनि सङ्केत गरेका छन् । टुक्काको प्रयोग आफूखुसी हुँदैन खाली वाक्यमा हुन्छ, तर उखान वाक्यवत् हुने वा स्वतन्त्र हुने कुराको उल्लेख गरेका छन् ।

कृष्णप्रसाद पराजुलीको अर्को रचना 'नेपाली उखान र गाउँखाने कथा २०३९ ' मा नेपाली उखानको वर्गीकरण, वर्णानुक्रम, अर्थ र प्रयोग प्रस्तुत गरिएको पाइन्छ । उनको 'नेपाली

उखान र गाउँखाने कथा २०३९' परिवर्तित रूपमा छैठौं संस्करण (२०६५) सम्म प्रकाशित भएको देखिन्छ ।

२०४१ मा धर्मराज थापा र हंसपुरे सुवेदीको 'नेपाली लोकसाहित्यको विवेचना' प्रकाशित भएको छ । यसले उखानको केही विश्लेषण गर्ने जमर्को गरेको छ ।

नेपाली लोक साहित्यको क्षेत्रमा चूडामणि बन्धुको 'नेपाली लोकसाहित्य' (२०५८) प्रकाशित भएको देखिन्छ । यस कृतिमा उनले लोक साहित्यका विभिन्न क्षेत्रहरू: लोक कथा, लोक नाटक, गाउँखाने कथा आदिको चर्चा गर्नुका साथै उखानको सैद्धान्तिक परिचय र नेपाली उखानको वर्गीकरण समेत गरेका छन् ।

काफ्ले (२०५८) ले 'त्रि.वि.वि. को नेपाली लोकसाहित्यको अनुसन्धान परम्परा' शीर्षक शोधपत्रमा तयार पारेको पाइन्छ । यसमा लोकसाहित्य अन्तर्गत उखान टुक्काको प्रयोग गरेका छन् ।

शोधकर्ता शेखर अर्यालले 'माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा समावेश उखान टुक्काको अध्ययन' २०६० मा शोधकार्य गरेको पाइन्छ । यसमा उखान टुक्काको सूची, उपयुक्तता विवेचना गरेको पाइन्छ । उक्त शोध पुस्तकालयीय विधिमा आधारित भएर गरिएको र शोध निष्कर्षको रूपमा पाठ्यक्रमको अपेक्षा अनुरूप उखान टुक्का छनोट र स्तरण साथै उपयुक्ततालाई ख्याल नगरिएको देखिन्छ ।

खार्पाली (२०६५), को सङ्कलन, सम्पादन तथा लेखन 'नेपाली लोक उखान टुक्का कोशले नेपाली लोक साहित्यमा उखान टुक्काको फाँटलाई उर्बर बनाउन महत्त्वपूर्ण योगदान दिएको छ । यसमा नेपाली लोक जीवनमा प्रचलित उखान टुक्काहरूलाई वर्णानुक्रममा प्रस्तुत गरिएको छ । यसका साथै उक्त उखानहरूको अर्थ र आशयलाई समेत स्पष्ट पारिएको छ ।

पन्थीले (२०६५), 'मा.वि. तहको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त उखान टुक्का पहिचान र प्रयोग क्षमताको अध्ययन' शोधकार्य गरेको पाइन्छ । यसमा विद्यार्थीहरूको उखान टुक्का पहिचान र प्रयोग क्षमताको विश्लेषणत्मक तरिकाले शोध गरिएको पाइन्छ ।

नेपालले (२०६७), 'पाल्पा जिल्लाका मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको उखान टुक्का प्रयोग क्षमताको अध्ययन शीर्षकमा शोध गरेको देखिन्छ । यसमा विद्यार्थीको उखान टुक्का प्रयोग क्षमताको विश्लेषणत्मक अध्ययन यस शोधबाट प्रष्ट हुन्छ ।

शैक्षिक तह उत्तीर्ण गर्ने सन्दर्भमा स्नातकोत्तर तहका लागि शोध गर्ने पछिल्लो शोध कर्ताका रूपमा गोविन्द्रप्रसाद राजवंशी देखिन्छन् । उनले राजवंशी र नेपाली उखानको तुलनात्मक अध्ययन नामक शोध पत्रमा राजवंशी भाषामा पाइने उखानहरूलाई प्रस्तुत गर्दै तिनका विशेषताहरूलाई समेत केलाएका छन् । यसै गरी राजवंशी भाषाका उखानलाई सामाजिक तथा नीतिमूलक लोक विश्वासमूलक, कृषि व्यवसायमूलक, पशुपन्छीजन्य, ज्ञान विज्ञानमूलक, जातजातिमूलक, परिवार जन्य, हास्यव्यङ्ग्यमूलक र आगन्तुक तथा अनुवादमूलक भनी वर्गीकरण गरेका छन् । यिनले नेपाली र राजवंशी भाषाका उखान टुक्काहरूको समानता र असमानताहरू औंल्याएका छन् । दुवै भाषामा रहेका उखानहरूलाई क्रमबद्ध रूपमा प्रस्तुत गरेको पाइन्छ ।

विभिन्न पत्रपत्रिकाहरूमा पनि उखान टुक्काको चर्चा हेर्न सकिन्छ । उखान र टुक्काको सङ्कलन, वर्गीकरण, विश्लेषण, अध्ययन र अनुसन्धान भए तापनि भाषिक सीप विकासका दृष्टिले कसैबाट नि.मा. तहको उखान टुक्काको अध्ययन अझसम्म नगरिएकोले "कक्षा 'छ' को हाम्रो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त उखान र टुक्काको अध्ययन" का लागि शोध तयार पारिएको छ ।

## २.४ उखान टुक्काको उपदेयता

भाषालाई नयाँ बान्कीमा प्रस्तुत गरी नैतिक आदर्श, सामाजिक मर्यादा, ऐतिहासिक झलक प्रस्तुत गरी भाषिक दक्षता अभिवृद्धि गर्नका लागि उखान टुक्काले निकै टेवा पुऱ्याएको छ । पारिवारिक एवम् सामाजिक जीवनबाट उखान टुक्का सुन्दै आएका बालबालिकाहरूको भाषिक दक्षता अभिवृद्धिका लागि उखानटुक्कालाई पनि भाषा पाठ्यक्रममा राखेर उनीहरूको बोध र अभिव्यक्ति क्षमता अभिवृद्धि गर्न सकिन्छ । यसको प्रयोगले भाषा गाम्भीर्य र ओजपूर्ण हुनकासाथै मानव जातिलाई उचित पथप्रदर्शन प्रदान गर्न समेत मद्दत पुग्दछ । उखान टुक्काको शैक्षिक प्रयोजनलाई निम्नानुसार बुँदामा उल्लेख गरिएको छ :

- लोकले भोग्दै आएको पारिवारिक जीवन, सामाजिक संस्कृतिक रीतिथिति, आर्थिक अवस्था, लोकविश्वास र जीवन दर्शनको झलक दर्शाउन,

- भाषिक अभिव्यक्तिलाई खिरिलो र पारङ्गत बनाउन,
- बालबालिकाहरूको शब्द भण्डार क्षमता अभिवृद्धि गर्न,
- सिकारुको सोच्ने, तर्क गर्ने, समान्यीकरण गर्ने, पहिचान गर्ने सीपको विकास गर्न,
- सिकाइमा रोचकता प्रदान गर्न,
- अभिव्यक्तिमा मितव्ययीता ल्याउन,
- सुनाइ, बोलाइ, पढाइ, लेखाइमा जागरुक बनाएर भाषिक सीपमा दक्षता हासिल गराउन,
- सिकाइलाई जीवन्त बनाउन,
- समसामयिक जीवन व्यवहारमा उखानलाई सान्दर्भिक प्रयोग गर्न,

## २.५ सैद्धान्तिक/अवधारणात्मक ढाँचा

कक्षा छ को नेपाली पाठ्यपुस्तकमा रहेका उखान र टुक्कको अध्ययन ।

# परिच्छेद : तीन

# अध्ययनको विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा र विधि

शोधकार्य गर्दा कुनै न कुनै ढाँचा र विधिलाई अपनाउनु पर्ने हुन्छ । विना योजना, विना अनुसन्धान विधिद्वारा शोध कार्य गर्न नसकिने हुनाले यस अध्ययनलाई पूर्णता दिन गुणात्मक ढाँचाको पुस्तकालयीय, पाठ्यपुस्तक तथा विश्लेषण विधि अपनाइएको छ ।

## ३.२ जनसंख्या, नमुना र नमुना छनोट रणनीति

कक्षा  छ को नेपाली पाठ्पुस्तकको विश्लेषण अध्ययन गर्ने क्रममा कुनै पनि नमुना जनसंख्या र नमुना छनोट रणनीतिको आवश्यकता नपर्ने भएकाले प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा कुनै पनि जनसंख्या नमुना छनोट रणनीति अपनाइएको छैन । यस अध्ययनमा कक्षा छ को नेपाली पाठ्पुस्तक भित्र समावेश १९ ओटा पाठहरूलाई नमुनाको रूपमा छनोट गरिएकोछ । जसमध्ये ती पाठमा प्रयुक्त उखान र टुक्कालाई नमुना रूपमा लिइएको छ ।

## ३.३ अध्ययनको क्षेत्र

कुनै पनि अध्ययन अनुसन्धानलाई सफल र प्रभावकारी बनाउनका लागि अध्ययनको क्षेत्र आवश्यक पर्दछ । यस शोधपत्रको अध्ययन क्षेत्र कक्षा छ को नेपाली पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययनमा सीमित रहेको छ । यसै पाठ्यपुस्तक भित्र भएका विभिन्न विषयवस्तुका पाठमा भएका उखान र टुक्कका यसको मुख्य अध्ययन क्षेत्र रहेको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका

यस अध्ययनको तथ्याङ्क सङ्कलनका लागि पुस्तकालयीय विधि प्रयोग गरिएको छ । कक्षा ‘छ’ मेरो नेपाली पाठ्यपुस्तक र प्राथमिक तहको पाठ्यक्रमलाई प्राथमिक सामग्रीको रूपमा लिइएको छ । यसभन्दा अगाडि गरिएका शब्दभण्डार सम्बन्धी शोध ग्रन्थ, शब्दकोश, आवश्यक पाठ्यपुस्तक, शिक्षकहरूको सल्लाह सुझावहरूलाई सहायक सामग्रीको रूपमा लिइएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस अध्ययनको लागि तथ्याङ्क सङ्कलन कार्यमा सम्बन्धित विषयका पाठ्यपुस्तक, शोध ग्रन्थहरूलाई प्रयोजनमा ल्याइएको छ । पुस्तकालयीय विधिको प्रयोग गरिने भएकाले

पुस्तकालयमा आफैँ गई आवश्यक सामग्री सङ्कलन गरिएको छ । शब्दकोश, कक्षा छ को नेपाली पाठ्यपुस्तक उखान र टुक्काको अध्ययन सम्बन्धी गरिएका विभिन्न अध्ययनहरू, भाषा पाठ्यपुस्तक, विभिन्न उखान र टुक्का सम्बन्धी पुस्तकहरू, विभिन्न लेखहरूका माध्यमबाट आवश्यक तथ्याङ्क सङ्कलन गरी यस शोध कार्य गरिएको छ ।

## ३.६ तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया

यस शोधकार्य कक्षा छ को मेरो नेपाली किताबको १९ ओटा पाठमा केन्द्रित रहि गरिएको छ । उक्त पाठ्यपुस्तकका पाठभन्दा बाहिरका नमुना अभ्यास र छायाँ खण्डलाई समावेश नगरी पाठमा प्रयुक्त उखान टुक्काहरूको विश्लेषण गरिएको छ । यस शोधकार्यमा प्रमुख रूपमा पुस्तकाललीय विधिको प्रयोग गरिएको छ र आंशिक रूपमा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । त्यसैगरी कक्षा छ को नेपाली पाठ्यपुस्तक सम्बन्धित शब्दकोश, अन्य लेख रचनाको सहयोग पाठ्यपुस्तकमा समावेश गरिएको उखान र टुक्काको सङ्कलन गरी स्रोत, वर्ग, कार्यका आधारमा उखान र टुक्कालाई अध्ययन विश्लेषण गरिएको छ साथै उखान र टुक्का सङ्ख्या पनि गणना गरिएको छ ।

# परिच्छेद : चार

# व्याख्या एवम् विश्लेषण

## ४.१ पाठ्यपुस्तकमा समाविष्ट उखान टुक्काहरूको पाठगत अध्ययन

भाषातत्व भित्र पदसङ्गति, काल, पक्ष, भाव, वाक्य, धातु, करण र विभक्ति, शब्दवर्ग, वाक्य संश्लेषण र विश्लेषण चिह्नहरू, शब्द निर्माण प्रक्रिया र हिज्जेसँग सम्बन्धित विषयवस्तु समेटिएका हुन्छन् भने शब्दभण्डारमा पर्यायवाची, अनुकरणात्मक, अनेकार्थक, सिङ्गो, सङ्क्षिप्त, विपरीतार्थी, श्रुति समभिन्नार्थक, लद्युतावाची, पारिभाषिक शब्द र उखान टुक्काहरूसँग सम्बन्धित विषय समेटिएका हुन्छन् (मा.वि. पाठ्यक्रम परिचयात्मक पुस्तिका, २०५६:१४) ।

नेपाली भाषा पाठ्यक्रममा साहित्यका विभिन्न विधाहरू कथा,कविता, निबन्ध, जीवनी, चिठी, दैनिकी,रूपक, प्रबन्ध, विधा र भाषा तत्त्व तथा शब्दभण्डारसँग सम्बन्धित विषयवस्तु समेटिएका छन् । प्रत्येक विधा र उप विधामा प्रयुक्त उखान टुक्काले साहित्यिक विधालाई समुज्ज्वल तुल्याएका छन् ।

यो शोध पत्रमा निम्न माध्यमिक तहको कक्षा ६ हाम्रो नेपाली किताबमा प्रयोग भएका उखान टुक्काको पाठगत रूपमा विश्लेषण गरिएको छ ।

## ४.२ पाठगत रूपमा कक्षा 'छ' को नेपाली पाठ्यपुस्तकमा राखिएका उखान टुक्काहरूको विवरण

**तालिक नं. १ : कक्षा 'छ' मा प्रयुक्त उखानटुक्काहरू**

| पाठ सङ्ख्या | विधा | पाठ शीर्षक | पृष्ठ सङ्ख्या | जम्मा उखान | जम्मा टुक्का | जम्मा उखान/टुक्का |
|---|---|---|---|---|---|---|
| १ | कविता | गुरू | १–६ | - | १६ | १६ |
| २ | कथा | युक्तिसामु शक्ति टिक्दैन | ७-१५ | २ | २२ | २४ |
| ३ | प्रवन्ध | सामाजिक सद्भाव | १६-२३ | - | १७ | १७ |
| ४ | संवाद | भविष्यको योजना | २४-३१ | - | २३ | २३ |
| ५ | जीवनी | साहित्यकार भवानी भिक्षु | ३२-३८ | १ | ५ | ६ |
| ६ | कविता | खोला | ३९-४४ | - | ७ | ७ |
| ७ | कथा | साने र ठूले | ४५-५२ | २ | ६ | ८ |
| ८ | प्रवन्ध | कृषिमलको प्रयोग | ५३-५९ | - | - | - |
| ९ | चिठी | दाजुलाई बहिनीको चिठी | ६०-६४ | - | १२ | १२ |
| १० | कथा | युमादेवीको अवतरण | ६५-७२ | १ | २८ | २९ |
| ११ | वादविवाद | सम्पत्तिभन्दा शिक्षा ठुलो | ७३-८० | ३ | २३ | २६ |
| १२ | कविता | स्वाभिमानी मुख | ८१-८५ | - | ४ | ४ |
| १३ | कथा | युधिष्ठिरको परिक्षा | ८६-९४ | - | १० | १० |
| १४ | जीवनी | लुइ पास्चर | ९५-१०२ | - | ६ | ६ |
| १५ | प्रवन्ध | वातावरण रक्षा | १०३-१११ | - | १० | १० |
| १६ | जीवनी | राष्ट्रिय विभूति शङ्खधर शाख्वा | ११२-११८ | १ | १३ | १४ |
| १७ | कथा | मानिस नै देवता | ११९-१२५ | - | १७ | १७ |
| १८ | प्रवन्ध | कलाको महत्त्व | १२६-१३३ | - | १४ | १४ |
| १९ | निवेदन | प्रधानाध्यापकलाई निवेदन | १३४-१३८ | - | - | - |
| २० | कथा | श्रीकृष्णको पराक्रम | १३९-१४६ | १ | १४ | १५ |
| | जम्मा | | | ११ | २४७ | २५८ |

### ४.२.१ गुरू (कविता)

यस कवितामा प्रयुक्त टुक्काले कवितालवाई रोचक र स्तरीय बनाउनुका साथै सोझो अर्थलाई त्यागेर विशेष अर्थ प्रदान गरेका छन् । उक्त पाठमा प्रयुक्त टुक्का निम्न अनुसार छन् :

**तालिका नं. २ : गुरू कवितामा प्रयुक्त उखानटुक्काहरू**

| क.स. | उखान/टुक्का | उखान सङ्ख्या | टुक्का सङ्ख्या |
|---|---|---|---|
| १ | ज्ञानको ज्योति चम्किलो बन्नु | – | १ |
| २ | ढुङ्गो पगाल्नु | – | १ |
| ३ | उज्यालो छर्नु | – | १ |
| ४ | मट्टी झैँ मूर्ति निर्माण गर्नु | – | १ |
| ५ | धर्तिले माथ झुकाउँनु | – | १ |
| ६ | भष्म पार्नु | – | १ |
| ७ | हिमाल झुक्नु | – | १ |
| ८ | समुन्द्र सुक्नु | – | १ |
| ९ | छातीमा हुन्डरी चल्नु | – | १ |
| १० | नाता सिसा झैं फुट्नु | – | १ |
| ११ | रातसँग लड्नु | – | १ |
| १२ | माटो बनाउनु | – | १ |
| १३ | फूल रोप्नु | – | १ |
| १४ | डुङ्गा तार्नु | – | १ |
| १५ | यात्री उद्धार गर्नु | – | १ |
| १६ | डुङ्गा डुब्नु | – | १ |
| | जम्मा | – | १६ |

प्रस्तुत पाठ कविता भएकाले कुनै पनि उखान समावेश गरिएको छैन भने १६ ओटा टुक्का समावेश गरिएको छ। उक्त टुक्काहरू कक्षा ६का सिकाइको उमेरस्तर सुहाउँदो बौद्धिकतासँग उपयुक्त देखिन्छ।

## ४.२.२ युक्तिसामु शक्ति टिक्दैन

यसमा 'युक्तिसामु शक्ति टिक्दैन' उखानले कथाको कथावस्तुलाई प्रष्ट्याउने काम गरेको छ। यस कथामा प्रयुक्त उखान टुक्काहरू निम्नानुसार छन् :

**तालिका नं. ३ : युक्तिसामु शक्ति टिक्दैनमा प्रयुक्त उखान टुक्काहरू**

| क्र.स. | उखान/टुक्का | उखान सङ्ख्या | टुक्का सङ्ख्या |
|---|---|---|---|
| १. | युक्तिसामु शक्ति नटिक्नु | १ | - |
| २ | के खोज्छस् काना आँखो | १ | - |
| ३ | हाहाकार मच्चिनु | - | १ |
| ४ | प्याक प्याकी मुख बाउनु | - | १ |
| ५ | कष्टमा पर्नु | - | १ |
| ६ | तिर्खाले ब्याकुल हुनु | - | १ |
| ७ | बाटो तताउनु | - | १ |
| ८ | विचार पोख्नु | - | १ |
| ९ | टनाटन भरिनु | - | १ |
| १० | प्रस्थान गर्नु | - | १ |
| ११ | धोको पुऱ्याउनु | - | १ |
| १२ | जलविहार गर्नु | - | १ |
| १३ | समय बिताउनु | - | १ |
| १४ | स्वाहा हुनु | - | १ |
| १५ | युक्तिवाला हुनु | - | १ |
| १६ | ट्वाल्ल पर्नु | - | १ |
| १७ | मनमा चस्का पस्नु | - | १ |
| १८ | विचल्लिमा पर्नु | - | १ |
| १९ | अनिष्ट हुनु | - | १ |
| २० | स्वीकार गर्नु | - | १ |
| २१ | दर्शन गराउनु | - | १ |
| २२ | लस्कन थाल्नु | - | १ |
| २३ | छर्लङ्ग टल्किनु | - | १ |
| २४ | दिन फिर्नु | - | १ |
| | जम्मा | २ | २२ |

युक्तिसामु शक्ति टिक्दैन कथामा समाविष्ट २ ओटा उखान के खोज्छस काना आँखो र युक्तिसामु शक्ति नटिक्नुले व्यवहारिक जीवनमा प्रयोगमा आउने उखानलाई प्रस्तुत गरेको छ। यसैगरी २२ ओटा टुक्का समावेश गरिएको छ। यसमा प्याकप्याकी मुख बाउनु, तिर्खाले व्याकुल हुनु जस्ता सरल टुक्काहरू समावेश गरिनु सह्रानीय पक्ष हो भने प्रस्थान गर्नु, जलविहार गर्नु जस्ता कठिन टुक्का पनि समावेश गरिएको पाइन्छ।

### ४.२.३ सामाजिक मेलमिलाप

सामाजिक मेलमिलाप शीर्षक प्रबन्धमा बालबालिकालाई समाजमा सबैजना मिलेर बस्नुपर्ने सन्देश दिइएको छ। यस पाठमा प्रयुक्त टुक्काहरू निम्नानुसार छन् :

**तालिका नं. ४ : समाजिक मेलमिलापमा प्रयुक्त उखान टुक्काहरू**

| क.स. | उखान/टुक्का | उखान सङ्ख्या | टुक्का सङ्ख्या |
|---|---|---|---|
| १. | विवेकको खानी हुनु | | १ |
| २ | उन्नति तर्फ लम्कनु | | १ |
| ३ | विकासको मुहान सुक्नु | | १ |
| ४ | मरूभूमिझैँ निरस बन्नु | | १ |
| ५ | संसारको सार भन्नु | | १ |
| ६ | कालो धब्बा लगाउँनु | | १ |
| ७ | कुरा खुट्याउनु | | १ |
| ८ | एकता कायम गर्नु | | १ |
| ९ | गुणको परिचय दिनु | | १ |
| १० | प्रेमले रद्द पार्नु | | १ |
| ११ | उपद्रव मच्चिनु | | १ |
| १२ | आत्मनिर्भर तुल्याउँनु | | १ |
| १३ | स्वच्छन्द हुनु | | १ |
| १४ | निरर्थक हुनु | | १ |
| १५ | विचारको त्याग गर्नु | | १ |
| १६ | सभ्य कहलाउँनु | | १ |
| १७ | राष्ट्रको गौरव बढाउँनु | | १ |

‘सामाजिक मेलमिलाप’ मा कुनै पनि उखान प्रयोग गरिएको छैन। यसमा १७ ओटा टुक्का समावेश गरिएको छ। उक्त टुक्काहरूले प्रबन्धको आशय र भाव स्पष्ट पार्न पर्याप्त टेवा पुऱ्याएका छन्। यसैगरी तुलनात्मक निरस विषयलाई मिठासपन दिने काम टुक्काले गरेका

छन् । यस पाठमा कतिपय टुक्काहरू विद्यार्थीको स्तरभन्दा जटिल भएकाले भाषिक क्लिष्टता पनि देखिन्छ ।

### ४.२.४ भविष्यको योजना

यस भविष्यको योजना (संवाद)मा विद्यालयका बालबालिकाहरूलाई आ-आफ्नो भविष्यको योजाना बनाई सहि तरिकाबाट अगाडि बढ्न साथै आफू आफ्नो समाज, राष्ट्र र सम्पूर्ण विश्व परिवेशलाई नै हित हुने भावना राखी काम गर्नुपर्ने कुरा प्रष्तुत गरिएको छ यस संवादमा प्रयुक्त उखानटुक्काहरू निम्नानुसार छन् ।

**तालिका नं. ५ : भविष्यको योजना (संवाद)मा प्रयुक्त उखानटुक्काहरू**

| क.स. | उखान/टुक्का | उखान सङ्ख्या | टुक्का सङ्ख्या |
|---|---|---|---|
| १ | चिटिक्क पार्न | – | १ |
| २ | मनमोहक दृश्य | – | १ |
| ३ | हराभारा डाँडाकाँडा | – | १ |
| ४ | नयाँ अनुभव | – | १ |
| ५ | सुन्दर स्थल | – | १ |
| ६ | रोमान्चक वातावरण | – | १ |
| ७ | अवसर मिल्नु | – | १ |
| ८ | घत लाग्नु | – | १ |
| ९ | जनशक्ति उत्पादन | – | १ |
| १० | जीवन समर्पण | – | १ |
| ११ | कुवाको भ्यागुतो | – | १ |
| १२ | हावाले छुनु | – | १ |
| १३ | मलिन अनुहार | – | १ |
| १४ | देश अगाडि बढनु | – | १ |
| १५ | प्राविधिक ज्ञान विकास | – | १ |
| १६ | चाकरी गर्नु | – | १ |
| १७ | लगानीको प्रतिफल | – | १ |
| १८ | योगदानको फिर्ता | – | १ |
| १९ | अनुभव बटुल्नु | – | १ |
| २० | जाँगर बढ्नु | – | १ |
| २१ | प्रण गर्नु | – | १ |
| २२ | उज्वल भविष्य | – | १ |
| २३ | विचार राख्नु | – | १ |
| | जम्मा | - | २३ |

'भविष्यको योजना' संवादमा उखान समाविष्ट गरिएको छैन । यसैगरी २३ ओटा टुक्का समावेश गरिएको छ । यस संवादमा कुवाको भ्यागुतो, घत लाग्नु, हावा छुनु, अनुभव वटुल्नु, विचार राख्नु जस्ता कठिन टुक्काहरूको साथै जनशक्ति उत्पादन, देश अगाडि बढ्नु, प्रण गर्नु आदि सरल टुक्काहरू समावेश गरिनु सान्दर्भिक देखिन्छ ।

### ४.२.५ साहित्यकार भवानी भिक्षु

साहित्यकार भवानी भिक्षुको जीवनीद्वारा कक्षा ६ का सिकारूहरूलाई भिक्षुको साहित्यिक जीवनको पाटोलाई उजागर गर्ने काम गरिएको छ । यस पाठमा प्रयुक्त उखान र टुक्काहरू निम्नानुसार छन् ।

**तालिका नं. ६ : साहित्यकार भवानी भिक्षुमा प्रयुक्त उखान टुक्काहरू**

| क.स. | उखान/टुक्का | उखान सङ्ख्या | टुक्का सङ्ख्या |
|---|---|---|---|
| १. | मोहमा पर्नु | | १ |
| २ | स्वाद चखाउनु | | १ |
| ३ | परलोक हुनु | | १ |
| ४ | प्रतिभा शिथिल हुनु | | १ |
| ५ | मृत्युको मुखमा पुऱ्याउनु | | १ |
| ६ | हुने विरूवको चिल्लो पात | १ | |
| | जम्मा | १ | ५ |

प्रस्तत् जीवनीमा एउटा मात्र उखान समावेश गरिएको भए तापनि उक्त उखान सारगर्भित किसिमको छ भने बालबालिकाको चारित्रिक सुधारको सन्देश पनि बोकेको छ । यसैगरी पाँच टुक्का समावेश गरिएको छ । विद्यार्थीको रुचि, स्तर, क्षमता र पाठको प्रकृति अनुसारका टुक्काहरूको प्रयोगले जीवनी सार्थक बनेको छ ।

### ४.२.६ खोला

यस कवितामा प्रयुक्त टुक्काले कवितालाई रोचक र स्तरीय वनाउनुका साथै सोझो अर्थलाई त्यागेर विशेष अर्थ प्रदान गरेका छन् । उक्त पाठमा प्रयुक्त टुक्का निम्न अनुसार छन् :

**तालिका नं. ७ : खोला कवितामा प्रयुक्त उखानटुक्काहरू**

| क.स. | उखान/टुक्का | उखान सङ्ख्या | टुक्का सङ्ख्या |
|---|---|---|---|
| १ | गाना भर्नु | – | १ |
| २ | मोतीको माला बन्नु | – | १ |
| ३ | सर्प झैँ चाला | – | १ |
| ४ | किरा भित्रभित्रै नचाउनु | – | १ |
| ५ | नाची बग्नु | – | १ |
| ६ | शोभा बनाउनु | – | १ |
| ७ | हर्षले सास फेर्नु | – | १ |

प्रस्तुत पाठ कविता भएकाले कुनै पनि उखान समावेश गरिएको छैन भने ७ ओटा टुक्का समावेश गरिएको छ। उक्त टुक्काहरू कक्षा ६का सिकाइको उमेरस्तर सुहाउँदो बौद्धिकतासँग उपयुक्त देखिन्छ।

### ४.२.७ **'साने र ठूले'**

साने र ठूलेमा प्रयुक्त उखान टुक्का निम्नानुसार छन् :

**तालिका नं ८ : साने र ठूलमा प्रयुक्त उखान टुक्काहरू**

| क.स. | उखान/टुक्का | उखान सङ्ख्या | टुक्का सङ्ख्या |
|---|---|---|---|
| १. | हातमुख जोर्नु | | १ |
| २ | एकलौटी बनाउनु | | १ |
| ३ | संसारलाई छोड्नु | | १ |
| ४ | मनमुटाव सुरु हुनु | | १ |
| ५. | जायजेथा बाँडनु | | १ |
| ६. | मुखभरिको जवाफ दिनु | | १ |
| ७. | ढुङ्गो खोज्दा देउता मिल्नु | १ | |
| ८ | आङ कन्याई छारो उडाउनु | १ | |
| | जम्मा | २ | ६ |

प्रस्तुत कथामा दुईओटा उखान समावेश गरिएको छ भने टुक्काहरू ६ ओटा छन्। यी संख्यात्मक रूपमा उपयुक्त रहेका छन् भने उखान टुक्काले कथालाई रसिलो र भावमय

बनाएका देखिन्छन् । यस पाठमा विद्यार्थीको तह अनुरूपका टुक्काहरू प्रयोग भएको पाइन्छ ।

### ४.२.८ 'कृषिमल' को प्रयोग

यस प्रबन्धमा उखान र टुक्का नभएकोले कृषिसँग सम्बन्धित उखान टुक्कालाई समावेश गरिएको भए प्रबन्ध अझ जीवन्त बन्न सक्ने देखिन्छ ।

### ४.२.९ दाजुलाई बहिनीको चिठी

दाजुलाई बहिनीको चिठीमा उखान समावेश गरिएको छैन भने टुक्का १२ ओटा समावेश गरेको पाइन्छ । यस पाठमा प्रयुक्त टुक्काहरू निम्नानुसार छन् ।

**तालिका नं. ९ : दाजुलाई बहिनीको चिठी पाठमा प्रयुक्त उखान टुक्काहरू**

| क.स. | उखान/टुक्का | उखान सङ्ख्या | टुक्का सङ्ख्या |
|---|---|---|---|
| १ | निकै प्रगति | - | १ |
| २ | खुलेर तारिफ गर्नु | - | १ |
| ३ | टीका टिप्पणी गर्नु | - | १ |
| ४ | प्रतिष्ठामय पेसा | - | १ |
| ५ | कुरा काट्नु | - | १ |
| ६ | आर्थिक प्रलोभन | - | १ |
| ७ | प्रतिष्ठामा आँच पुऱ्याउँनु | - | १ |
| ८ | उन्नतिको बाटो | - | १ |
| ९ | धैर्य गर्नु | - | १ |
| १० | दुर्गति गर्नु | - | १ |
| ११ | सन्तोष लिनु | - | १ |
| १२ | मनोभावना बुझनु | - | १ |
| | जम्मा | - | १२ |

प्रस्तुत पाठ चिट्ठी भएकोले उखान समावेश नगरिए पनि यहाँ प्रयुक्त टुक्काले विद्यार्थी स्तरभन्दा जटिल प्रकृतिका हुनाले चिठीलाई क्लिष्ट बनाएका छन् । टिका टिप्पणी गर्नु, कुरा काट्नु, प्रतिष्ठामा आँच आउनु, दुर्गति भोग्नु यसका उदाहरण हुन् । उखानको पनि प्रयोग गरिएको भए पाठ अझ राम्रो  हुने देखिन्छ ।

### ४.२.१० युमादेवीको अवतरण

सही बाटोमा हिँड्न अभिप्रेरित गरिनुका साथै युमादेवीको अवतरण कथामा विद्यार्थीहरूलाई सच्चरित्रको सन्देश दिइएको छ । यस पाठमा प्रयुक्त उखान टुक्काहरू निम्नअनुसार छन् :

**तालिका नं. १० : युमादेवीको अवतरण कथामा प्रयुक्त उखान टुक्काहरू**

| क.स. | उखान/टुक्का | उखान सङ्ख्या | टुक्का सङ्ख्या |
|---|---|---|---|
| १ | सिकार खेल्नु | - | १ |
| २ | मधुर आवाज गुन्जिएको | - | - |
| ३ | आँखा लगाउँनु | - | १ |
| ४ | जोड दौडिनु | - | १ |
| ५ | आवाज हराउनु | - | १ |
| ६ | चिन्तित हुनु | - | १ |
| ७ | घुमी घुमी खोज्नु | - | १ |
| ८ | न मरेको न जिउँदै | १ | - |
| ९ | अत्तोपत्तो नहुनु | - | १ |
| १० | आश्चर्य चकित हुनु | - | १ |
| ११ | झरझुट्ट गहना | - | १ |
| १२ | तान बुन्नु | - | १ |
| १३ | दरबारकी गहना | - | १ |
| १४ | अनमोल युवती | - | १ |
| १५ | सफल यात्रा | - | १ |
| १५ | अनौठो कुरा | - | १ |
| १६ | कुरा राख्नु | - | १ |
| १७ | अनौठो कुरा | - | १ |
| १८ | निर्जन वन | - | १ |
| १९ | साधारण घट्ना | - | १ |
| २० | वाल्ल पर्नु | - | १ |
| २१ | पवित्र मन | - | १ |
| २२ | विवेकले काम गर्नु | - | १ |
| २३ | व्यवहार तारिफ लायक | - | १ |
| २४ | अलप हुनु | - | १ |
| २५ | छक्क पर्नु | - | १ |
| २६ | झल्याँस्स बिउँझिनु | - | १ |
| २७ | अठोट गर्नु | - | १ |
| २८ | अवतरण गर्नु | - | १ |
| २९ | प्रख्यात हुनु | - | १ |

यस कथामा एउटा मात्र उखान र २८ ओटा टुक्का प्रयुक्त छन् । अलप हुनु, आँखा लगाउँनु, कुरा राख्नु जस्ता सान्दर्भिक टुक्का समावेश गरिएको पाइन्छ ।

### ४.२.११ सम्पत्तिभन्दा शिक्षा ठूलो (वादविवाद )

यस वादविवादमा सिकारुले बोल्ने र तर्क गर्ने क्षमतालाई अभिवृद्धि गराउने उद्देश्य भएको पाइन्छ । यहाँ समाविष्ट उखान र टुक्का निम्नानुसार छनः

**तालिका न. ११ : सम्पत्तिभन्दा शिक्षा ठूलो पाठमा प्रयुक्त उखान टुक्काहरू :**

| क.स. | उखान/टुक्का | उखान संख्या | टुक्का संख्या |
|---|---|---|---|
| १ | आसन ग्रहण | - | १ |
| २ | समय ग्रहण | - | १ |
| ३ | अशिष्ट भाषा | - | १ |
| ४ | गहकिला तर्क | - | १ |
| ५ | ख्याल गर्नु | - | १ |
| ६ | जोडदार ताली | - | १ |
| ७ | तर्क राख्नु | - | १ |
| ८ | विज्ञानको युग | - | १ |
| ९ | भविष्य निर्माण | - | १ |
| १० | सूर्यको अगाडि बत्ती | १ | - |
| ११ | उज्यालो छर्नु | - | १ |
| १२ | असल व्यक्तित्व | - | १ |
| १३ | चेतनाको विकास | - | १ |
| १४ | शक्तिको सीमा | - | १ |
| १५ | प्रगतितर्फ उन्मुख | - | १ |
| १६ | कुरा टुङ्ग्याउनु | - | १ |
| १७ | तर्क सार्नु | - | १ |
| १८ | तुच्छ बस्तु | - | १ |
| १९ | चन्द्रमामा पुग्नु | - | १ |
| २० | मृत्युको मुखमा छट्पटाउनु | - | १ |
| २१ | विद्या आर्जन | - | १ |
| २२ | ढुङ्गाको भर सम्पत्ति र सम्पत्तिको भर शक्ति | १ | - |
| २३ | व्यक्तिको भर सम्पत्ति र सम्पत्तिको भर शक्ति | १ | - |
| २४ | कुपोषणको सिकार | - | १ |
| २५ | हरण गर्नु | - | १ |
| २६ | शान्ति फेला पार्नु | - | १ |
| | जम्मा | ३ | २३ |

प्रस्तुत वादविवादमा तीन ओटा उखान र २३ ओटा टुक्का समाविष्ट छन् । यस वादविवादमा वक्ताहरूको भनाइलाई ओजपूर्ण र तार्किक बनाउन उखान र टुक्काले पर्याप्त सहयोग गरेका छन् । यति हुँदाहुँदै पनि यहाँ प्रयुक्त गहकिला तर्क, सूर्यको अगाडि बत्ती, उज्यालो छर्नु जस्ता जटिल प्रकृतिका उखान र टुक्काको प्रयोगले वादविवाद बोझिलो बन्न पुगेको देखिन्छ ।

### ४.२.१२ स्वाभिमानी मुख

स्वाभिभानी मुख कवितामा कविले सम्पूर्ण नेपालीहरू आफनै श्रम र सीप बाँच्ने स्वाभिमानी छन् । यहाँको प्रकृति, सांस्कृतिक विधितता आदिको कलात्मक तवरबाट प्रस्तुत गरेका छन् । उक्त पाठमा प्रयुक्त उखान टुक्काहरू निम्नानुसार छन् :

**तालिका न. १२ : स्वाभिमानी मुख कवितामा प्रयुक्त उखान टुक्का**

| क.स. | उखान/टुक्का | उखान सङ्ख्या | टुक्का सङ्ख्या |
|---|---|---|---|
| १ | छायाँ हुनु | – | १ |
| २ | हेपिएको सुख | – | १ |
| ३ | पुजिएको दुःख | - | १ |
| ४ | स्वाभिमानी मुख | – | १ |
| | जम्मा | | |

प्रस्तुत पाठ कविता भएकाले यसमा उखान समाविष्ट गरिएको छैन भने जम्मा चारओटा ओजपूर्ण उखानको प्रयोग गरिएको छ । यहाँ प्रयुक्त टुक्का विद्यार्थीको स्तरभन्दा जटिल भएकोले कविताको मर्म र भावलाई ठम्याउन बाधा पुगेको देखिन्छ ।

### ४.२.१३ युधिष्ठिरको परीक्षा

धार्मिक ग्रन्थहरूमा उल्लेखित पात्र युधिष्ठिरको परीक्षा शीर्षकको कथामा निम्नानुसार उखान र टुक्का समावेश गरिएका छन् ।

**तालिका नं. १३ : युधिष्ठिरको परीक्षामा प्रयुक्त उखान टुक्काहरू**

| क.स. | उखान/टुक्का | उखान सङ्ख्या | टुक्का सङ्ख्या |
|---|---|---|---|
| १ | सत्य सोझा हुनु | - | १ |
| २ | षड्यन्त्रको चक्रव्युह रच्नु | - | १ |
| ३. | अनुहार मलिन हुनु | - | १ |
| ४ | विलाप गर्नु | - | १ |
| ५ | ओठमुख सुक्नु | - | १ |
| ६ | मनमा चिसो पस्नु | - | १ |
| ७ | मुक भाषामा पुकार गर्नु | - | १ |
| ८ | आँखामा झल्झली नाच्नु | - | १ |
| ९ | अनुहारको रोगन फेरिनु | - | १ |
| १० | अन्तर्ध्यान हुनु | - | १ |
| | जम्मा | - | १० |

यस युधिष्ठिरको परीक्षा कथामा कुनै पनि उखान समावेश गरिएको छैन भने १० ओटा टुक्का राखिएको छ । प्रयुक्त टुक्काहरू बालबालिकाहरूको रूचि, स्तर र क्षमता अनुकूल हुने गरी राखिएकाले भाषिक मिठास र रसिलोपनको आभास गर्न सकिन्छ । यति हुँदाहुँदै पनि षड्यन्त्रको चक्रव्युह रच्नु, अनुहारको रोगन फेरिनु जस्ता टुक्काले भाषिक जटिलता सिर्जना गरेको छ ।

### ४.२.१४ लुइ पास्चर

यस जीवनीबाट सिकारूहरूमा जीवनमा गरेका निरन्तर सङ्घर्ष र मिहिनेतबाट सफल व्यक्ति बन्न सकिने सन्देश प्रदान गरेको छ । यहाँ समाविष्ट टुक्काहरूलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

**तालिका नं.१४ : लुइ पास्चरमा प्रयुक्त उखान टुक्काहरू**

| क.स. | उखान/टुक्का | उखान सङ्ख्या | टुक्का सङ्ख्या |
|---|---|---|---|
| १ | संसारले कोल्टो फेर्नु | - | १ |
| २ | दिनरात जुट्नु | - | १ |
| ३. | प्रतिभा फस्टाउनु | - | १ |
| ४ | संसारबाट विदा लिनु | - | १ |
| ५ | कीर्ति संसारभर फैलिनु | - | १ |
| ६ | अरुलाई घचघच्याउँनु | | १ |
| | जम्मा | | ६ |

प्रस्तुत जीवनीमा उखान समावेश गरिएको छैन भने टुक्का ६ ओटा राखिएका छन् । सङ्ख्यात्मक रूपमा टुक्काहरूको रखाई उपयुक्त हुनका साथै सही र सार्थक स्थानमा विन्यास गरिएकोले प्रस्तुत जीवनीलाई सफल, सार्थक र रसिलो बनाएको देखिन्छ ।

### ४.२.१५ वातावरणको रक्षा

प्रस्तुत निबन्धले सिकारूलाई वातावरणको रक्षा गर्नुपर्ने कुरा सिकाउन खोजेको छ। यस पाठमा प्रयुक्त उखानटुक्काहरू निम्नानुसार छन् :

**तालिका नं. १५ : वातावरणको रक्षामा प्रयुक्त उखान टुक्काहरू**

| क.स. | उखान/टुक्का | उखान सङ्ख्या | टुक्का सङ्ख्या |
|---|---|---|---|
| १ | चनाखो हुनु | - | १ |
| २ | ख्याल गर्नु | - | १ |
| ३. | सुन्दरतामा मखख पर्नु | - | १ |
| ४ | बन्दना गर्नु | - | १ |
| ५ | संसार खुम्चनु | - | १ |
| ६ | आवाजले कान छेड्नु | - | १ |
| ७ | समस्या चर्काउनु | - | १ |
| ८ | पत्ता लगाउनु | - | १ |
| ९ | प्रदूषण बढ्नु | - | १ |
| | जम्मा | - | १० |

प्रस्तुत प्रबन्धमा टुक्काहरू ९ ओटा समाविष्ट छन्। पाठको मूल शीर्षकले मूल मर्मलाई नै उजागर गरेको छ। यस्तै टुक्का सङ्ख्यात्मक रूपमा उपयुक्त र विद्यार्थीको स्तर अनुकूल रहेका छन्।

### ४.२.१६ राष्ट्रिय विभूति शङ्खधर शाख्वा

यस जीवनीबाट सिकाईहरूमा मानिसले जीवनमा गरेका निरन्तर सङ्घर्ष र मेहनतबाट सफल बन्न सकिने सन्देश प्रदान गरेको छ। यहाँ समाविष्ट टुक्काहरूलाई निम्नअनुसार प्रस्तुत गरिएको छ।

**तालिका नं. १६ : राष्ट्रिय विभूति शङ्खधर शाख्वामा प्रयुक्त उखान टुक्काहरू**

| क्र.स. | उखान/टुक्का | उखान सङ्ख्या | टुक्का सङ्ख्या |
|---|---|---|---|
| १ | अपभ्रंश गर्नु | - | १ |
| २ | ऋण मोचन | - | १ |
| ३ | दासत्व उन्मूलन | - | १ |
| ४ | विशेष मुहूर्त | - | १ |
| ५ | महान् कार्य | - | १ |
| ६ | परमात्माभन्दा आत्मा महान् | १ | - |
| ७ | चिरस्मरणीय गर्नु | - | १ |
| ८ | कलाको खोज | - | १ |
| ९ | कृतित्वलाई फैलाउनु | - | १ |
| १० | निजी सम्पति | - | १ |
| ११ | मार्ग दर्शक | - | १ |
| १२ | अनुकरणीय | - | १ |
| १३ | कदर गर्नु | - | १ |
| १४ | सच्चा सम्मान | - | १ |
| | जम्मा | १ | १३ |

प्रस्तुत जीवनीमा एउटा मात्र उखान समावेश गरिएको छ। भने टुक्का १३ ओटा राखिएका छन्। सङ्ख्यात्मक रूपमा उखानाटुक्काको सङ्ख्या रखाई उपयुक्त हुनुका साथै सही र सार्थक स्थानमा विन्यास गरिएकाले प्रस्तुत जीवनीलाई सफल सार्थक र रसिलो बनाएको देखिन्छ।

### ४.२.१७ मानिस नै देवता

प्रस्तुत मानिस नै देवता कथामा एउटा बालक पात्रले बाघ जस्तो जङ्गली जनावरलाई मानवीय व्यवहार देखाएर आफू बाँच्न सफल भएको साथै असल व्यवहारले खराब आचरण भएकालाई सही बाटोमा ल्याउन सकिने सन्देश दिएको छ। कथामा प्रयुक्त उखान टुक्काहरू निम्नानुसार छन् :

**तालिका नं.१७ : मानिस नै देवता कथामा प्रयुक्त उखान टुक्काहरू**

| क.स. | उखान⁄टुक्का | उखान संख्या | टुक्का संख्या |
|---|---|---|---|
| १ | आजित हुनु | - | १ |
| २ | ज्यादै अताल्लिनु | - | १ |
| ३ | झमक्कै साँझ पर्नु | - | १ |
| ४ | झमकै रात पर्नु | - | १ |
| ५ | भोको पेट भर्नु | - | १ |
| ६ | न्याल चुहाँउनु | - | १ |
| ७ | वाच्ने उपाय | - | १ |
| ८ | कुलेलम् ठोक्नु | - | १ |
| ९ | औंधी माया | - | १ |
| १० | ज्यानको परवाह | - | १ |
| ११ | कठोर मन | - | १ |
| १२ | आँखा खोल्नु | - | १ |
| १३ | आश्चर्यमा पर्नु | - | १ |
| १४ | हल्ला फिँजिनु | - | १ |
| १५ | देवता ठान्नु | - | १ |
| १६ | मित्रता गास्नु | - | १ |
| १७ | मित्रताको पाठ सिकाउनु | - | १ |
| | जम्मा | - | १७ |

प्रस्तुत कथामा उखान प्रयोग नगरिएको र जम्मा १७ ओटा टुक्काहरू समाविष्ट छन् । उखानको तुलनामा टुक्का अधिक प्रयुक्त छन् । यस कथाको माध्यमवाट खराब आचरणका व्यक्ति सरल व्यवहारद्वारा परास्त गर्न सकिने कुरा प्रस्तुत गरिएको छ मानवले मानवता देखाएर सम्पूर्ण प्राणीको रक्षार्थ उभिन सक्नुपर्ने र खराव आचरणलाई सुधार गर्न सकिने अपेक्षा गर्न सकिने कुरा प्रष्ट देख्न सकिन्छ ।

### ४.२.१८ कलाको महत्त्व

कलाको महत्त्व प्रबन्धमा कला जीवनका लागि महत्वपूर्ण भएको यथार्थ प्रस्तुत गरिएको छ । यस पाठमा प्रयुक्त उखान/टुक्काहरू निम्नानुसार छन् ।

**तालिका नं. १८ : कलाको महत्व प्रबन्धमा प्रयुक्त उखान/टुक्काहरू**

| क.स. | उखान/टुक्का | उखान संख्या | टुक्का संख्या |
|---|---|---|---|
| १ | कलाको आविष्कार गर्नु | - | १ |
| २ | समाजको प्रतिबिम्व | - | १ |
| ३ | उकाली ओरालीका सुस्केरा | - | १ |
| ४ | स्थापत्य कला | - | १ |
| ५ | सम्पन्न मुलुक | - | १ |
| ६ | उत्कृष्ठ नमुना | - | १ |
| ७ | मुटु पोख्नु | - | १ |
| ८ | मोहप्रकट हुनु | - | १ |
| ९ | कला हस्तान्तरण | - | १ |
| १० | व्यक्तित्व उठाउनु | - | १ |
| ११ | गरिमा बढाउनु | - | १ |
| १२ | कीर्ति फैलाउनु | - | १ |
| १३ | अमर हुनु | - | १ |
| १४ | पानामा सुरक्षित | - | १ |
| | जम्मा | - | १४ |

कलाको महत्त्व प्रबन्धमा उखान प्रयोग गरिएको छैन । यस पाठमा १४ ओटा टुक्का समावेश गरिएको छ । उक्त टुक्काहरूले प्रबन्धको आशय र भाव स्पष्ट पार्न पर्याप्त टेवा पुर्याएका छन् । यस पाठमा कतिपय टुक्काहरू विद्यार्थीको स्तरभन्दा जटिल भएकाले भाषिक क्लिष्टता पनि देखिन्छ ।

### ४.२.१९ प्रधानाध्यापकलाई निवेदन

प्रस्तुत निवेदन कार्यालयीय निवेदन भएकोले उखान टुक्का समावेश गरिएको छैन ।

### ४.२.२० श्रीकृष्णको पराक्रम

श्रीकृष्णको पराक्रम शीर्षक कथामा पौराणिक विषयवस्तुमा आधारित कथा हो । यस पाठमा प्रयुक्त उखान टुक्काहरू निम्नानुसार छन् :

**तालिका नं. १९ :श्रीकृष्णको पराक्रम कथामा प्रयुक्त उखान/टुक्काहरू**

| क.स. | उखान/टुक्का | उखान संख्या | टुक्का संख्या |
|---|---|---|---|
| १ | आवाज आउनु | - | १ |
| २ | रङ फेरिनु | - | १ |
| ३ | ईर्ष्यामा परिणत | - | १ |
| ४ | थरथरी काम्नु | - | १ |
| ५ | प्राणभन्दा प्यारो | - | १ |
| ६ | सुखद योजना | - | १ |
| ७ | काल बाजा बजाएर आउँदैन | - | १ |
| ८ | रगतले पुछ्नु | - | १ |
| ९ | आशा पलाउँनु | - | १ |
| १० | दिमागमा झलझल घुम्नु | - | १ |
| ११ | नामोनिसान मेटाउनु | - | १ |
| १२ | कठोर मन | - | १ |
| १३ | कर्मलाई पुकार्नु | - | १ |
| १४ | मुत्युवरण गर्नु | - | १ |
| १५ | भय देखिनु | - | १ |
| | जम्मा | - | १५ |

प्रस्तुत कथा पौराणिक विषयवस्तुमा आधारित कथा हो । जसमा भगवान् श्रीकृष्णद्वारा आफ्नै मामालाई बध गरिएको छ । त्यहाँ प्रयुक्त एउटा उखान र १४ ओटा टुक्काहरूले कथालाई ओजपूर्ण र तार्किक बनाएका छन् । यहाँ प्रयुक्त उखान विद्यार्थीको स्तर अनुकूल नभएता पनि अन्य उखान र टुक्काको प्रयोग सान्दर्भिक रहेको पाइन्छ । यस कथामा उखान टुक्काहरू असत्यमाथि सत्यको सदैव जीत हुन्छ भन्ने कुरालाई प्रष्ट्याएको पाइन्छ । कथाले सहि बाटोमा हिँड्ने मानिसले सधैँ सफलता चुम्न सक्छ भन्ने सन्देश दिएको छ ।

## ४.३ छनोट र स्तरणका आधारमा उखान टुक्को समीक्षा

### ४.३.१ छनोट

छान्+ओट मिलेर छनोट शब्द बनेको हो । छनोट शाब्दिक अर्थ छान्ने वा रोज्ने, काम, छनाइ (अधिकारी र अन्य,२०६८:३८२) । सामान्यतया छनोट भन्नाले छान्नु, चयन गर्नु वा रोज्न भन्नु बुझिन्छ । भाषा पाठ्यक्रमका सन्दर्भमा पाठ्यवस्तुको क्षेत्र असीमित हुन्छ । व्यापक पाठ्यवस्तुबाट निर्धारित उद्देश्य हासिल गर्न उपयुक्त हुने खालका सीमित पाठ्यवस्तु मात्र पाठ्यक्रमले निर्दिष्ट गर्नुपर्दछ । सम्बन्धित भाषाका असीमित ज्ञान र सीपमूलक स्रोतबाट सीमित, प्रभावकारी तवरबाट विद्यार्थीको रुचि, स्तर, क्षमता र समसायिक आवश्यकता आदि अनुकूलका विषयवस्तु छनोट गर्नुपर्दछ । यसका साथ भाषाका खास तह, सन्दर्भ र शैली विशेषलाई प्राथमिकता दिएर सिकारुका भाषिक आवश्यकता र प्रयोजनलाई टेवा पुऱ्याउन उपयुक्त भाषिक पाठ्यपुस्तक छनोट गरिनु उपयुक्त हुन्छ । भाषिक सीपमा दक्षता हासिल गराउने प्रभावकारी पाठ्यवस्तु शब्दभण्डार हो भने उक्त शब्दभण्डार अन्तर्गतका उखान टुक्काको पनि आफ्नै महत्त्व रहेको छ । यस्ता उखान टुक्काहरू व्यवहारिक जीवनमा घर तथा समाजका अग्रजहरूको भाषिक व्यवहारबाट यस उमेर समूहका सिकारुको बोलीमा भिजिसकेको हुन्छ । विद्यालय प्रवेश पछि भाषा पाठ्यक्रम अन्तर्गतको पाठ्यपुस्तकमा समाविष्ट उखान टुक्काले यस सम्बन्धी शब्दभण्डार विकासमा अझ टेवा पुऱ्याउँछ ।

उखान टुक्का भाषिक सीपलाई जीवन्तता प्रदान गर्न रुचि जगाउने तथा कलात्मक अभिव्यक्ति विकासमा उपयोगी देखिन्छ । त्यसैले प्रत्येक तहमा छनोट गरिने उखान टुक्का विद्यार्थीको रुचि, स्तर, क्षमता र आवश्यकता आदिलाई ख्याल गरेर मात्र छनोट गरिनुपर्दछ । कुन तहमा कति र कस्ता कस्ता उखान टुक्का विद्यार्थीहरूले ग्रहण गरी भाषिक प्रयोगमा ल्याउँछन् भन्ने कुरालाई ख्याल गरेर मात्र उखान टुक्काहरू छनोट गरिनु सान्दर्भिक हुन्छ । यदि उपयुक्त तवरबाट उखान टुक्का छनोट गरिएन भने भाषाको बोध तथा अभिव्यक्ति सीप विकासमा बाधाको स्थिति सिर्जना हुने देखिन्छ ।

### ४.३.२ स्तरण

स्तरण+अन मिलेर स्तरण शब्द बनेको हो । यसको शाब्दिक अर्थ “स्तर मिलाउने काम, क्रम वा सिलसिला मिलाउने प्रक्रिया, क्रमबद्धता” भन्ने हुन्छ (अधिकारी र अन्य, २०६६:१०३८) ।

कुनै पनि तह एवम् कक्षाका निमित्त उयुक्त किसिमका पाठ्यवस्तु छनोट गरेर मात्र हुँदैन उक्त पाठ्यवस्तुलाई निर्दिष्ट तह वा कक्षाका निम्ति शिक्षण योग्य बनाउनु सङ्गठित गर्नु वा स्तरीकृत गर्नुपनि त्यतिकै महत्त्वपूर्ण पक्ष हो । सुनिश्चित र सुव्यव्यस्थित शिक्षण सिकाइका क्रममा राखेका पाठ्यवस्तुले मात्र अपेक्षित उद्देश्य पूरा गर्न टेवा पुऱ्याउँछन् । यसको सट्टा उक्त पाठ्यवस्तुलाई अन्धाधुन्ध र अव्यवस्थित श्रृङ्खलामा राखियो भने अन्योलको स्थिति सिर्जना भई उद्देश्य प्राप्तिमा बाधा पुग्दछ ।

वाक्यस्तरको संरचनामा हुने सूत्रात्मक उक्ति वा कथनलाई उखान भनिन्छ । यस्ता किसिमका उखानले भाषालाई तारतम्य, मिठास र लक्ष्यार्थबाट सिंगार्ने कार्य गरेका हुन्छन् । उनले भाषिक सीप विकासमा निकै टेवा पुऱ्याएका हुन्छन् । उचित सन्दर्भमा उपयुक्त प्रसङ्गका उखानहरूले भाषा गाम्भीर्य र ओजपूर्ण बन्दछ । खास तह वा कक्षाका लागि उपयुक्त आधारमा छनोट भएका उखान टुक्कालाई व्यवस्थित अनुक्रममा विद्यार्थीको रुचि, आवश्यकता, स्तर उमेर, पूर्वज्ञान आदिका अधारमा विन्यास गरिनु पर्दछ । स्तरण गर्दा सरलबाट जटिलतिर प्रत्यक्षबाट अप्रत्यक्ष तर्फ, ज्ञातबाट अज्ञात तर्फको अनुक्रममा स्तरण गरिनु उपयुक्त हुन्छ । छनोट जतिसुकै उपयोगी, सान्दर्भिक र विद्यार्थी क्षमता अनुकूल भए तापनि त्यसलाई उपयुक्त ढङ्गले स्तरण गरिएन भने पाठ्यक्रमको मर्म र उद्देश्य प्राप्तिमा बाधा पुग्न जान्छ ।

कक्षा 'छ' को माध्यमिक तहका सबैभन्दा सुरुवातको यस तहमा आइपुग्दा बालबालिकाहरूले परिवार, समाज र प्राथमिक तहको भाषा पाठ्यपुस्तकमा समावेश गरिएका उखान टुक्कासँग सम्बन्धित सामान्य अनुभव बटुलिसकेका हुन्छन् । यस तहमा पनि प्राथमिक तहको भाषा पाठ्यपुस्तकबाट प्राप्त उखान टुक्कासँग सम्बन्धित अनुभवलाई थप मजबुत बनाउन र सिकारुको तार्किक क्षमता मौलिकता आदिको स्तर वृद्धि गर्नका लागि निकै महत्त्वपूर्ण हुने देखिन्छ । कक्षा 'छ' मा अध्ययनरत बालबालिकाहरूको उमेर ११/१२ वर्ष रहेको हुन्छ । यस तहका बालबालिकाहरू चञ्चले एवम् जिज्ञासु स्वभावका हुने भएकाले भाषिक सीप विकासमा ध्यानाकर्षण गरी बोल्दा, पढ्दा र लेख्दा जागरुक बनाएर अपेक्षित उद्देश्य प्राप्तिका लागि उखान टुक्कालाई समावेश गरिएको छ ।

कक्षा 'छ' को "हाम्रो नेपाली किताबमा समाविष्ट २२ ओटा पाठमा १९ उखान र २४५ ओटा टुक्का गरी जम्मा २६४ ओटा उखान टुक्का छनोट गरेको देखिन्छ । यस तहको उखान

छनोटमा समाविष्ट उखान टुक्काहरू नेपाली जनजिब्रोमा भिजेका र भाषिक व्यवहारमा पटक पटक आवृत्ति हुने, बुझ्नका लागि बौद्धिक कसरत गर्नु नपर्ने प्रकृतिका नै पर्याप्त समावेश गरिएका छन् । "कागलाई बेल पाक्यो हर्ष न विस्मत्", ढुङ्गो खोज्दा देवता मिल्नु, आँखाको कसिङ्गर बन्नु, खाइ न पाइ छालाको टोपी लाई, विषवृक्ष नै भए पनि रुख ब्रिवा नकाट्नु जस्ता सरल सहज र दैनिक भाषिक व्यवहारमा आउने उखानहरू हुन् । यसैगरी यस तहमा छनोट भएका १९ ओटा उखानहरू विद्यार्थीको स्तरभन्दा माथिल्लो तहका भएकोले उनीहरूलाई त्यस्ता उखानले अर्थग्रहण र भाषिक प्रयोगमा बाधा पुऱ्याउने स्थिति रहेको छ । जीवनको पाठशालामा गुरुबन्नु भन्दा शिष्य बन्नु बेश, जो रक्षक उही भक्षक जस्ता उखानहरू विद्यार्थीको उमेर, स्तर क्षमता आदि भन्दा माथिले स्तरका पनि देखिन्छन् ।

कक्षा 'छ' को "हाम्रो नेपाली किताब" मा समाविष्ट टुक्काहरूको २० ओटा पाठमा २४५ ओटा टुक्का छनोट गरिएका छन् । अधिकांश टुक्काहरू विद्यार्थीको उमेर, स्तर, भाषिक क्षमता अनुकूलका टुक्काहरू बढी छनोट गरिएको छ । बोलीचालीको सन्दर्भमा आउने व्यवहरिक जीवनमा अत्याधिक प्रयोगमा आउने टुक्काको बहुलता रहेको छ । कुरा काट्नु, संसार छोड्नु, राल चुहाउनु, दाउ छोप्नु, प्याक प्याकी मुख बाउनु आदि टुक्काहरूले विद्यार्थीको भाषा सिकाइमा रुचि जगाउन पर्याप्त टेवा पुऱ्याएका छन् । १०/११ वर्ष समूहका प्राथमिक तह उत्तीर्ण गरेका बालबालिकाहरूले यस्ता टुक्काहरू सजिलै अर्थग्रहण गर्ने र प्रयोग सक्ने स्थिति रहेको छ । यसैगरी प्राथमिक तहको भाषा पाठ्यपुस्तक पारिवारिक तथा सामाजिक जनजीवनबाट प्राप्त उखान टुक्कासँग सम्बन्धित अनुभवलाई अझ मजबुत बनाउने खालका टुक्काहरू छनोट गरिएका छन् । यति हुँदाहुँदै पनि सङ्ख्यात्मक रूपमा उखान टुक्काहरू अत्याधिक रूपमा राखिनु त्रुटिपूर्ण देखिन्छ । २४५ ओटा टुक्का मध्ये ५०% टुक्का विद्यार्थीको भाषिका अनुभवभन्दा बाहिरबाट छनोट गरिएका छन् । त्यस्तै उक्त टुक्काहरू विद्यार्थीको बौद्धिक स्तरभन्दा जटिल पनि देखिन्छन् । जस्तै; वचन छर्कनु, स्वच्छन्द हुनु, कालो धन्दा लगाउनु आदि ।

### ४.३.३ कक्षा ६ हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट उखान टुक्काको स्तरण

कक्षा ६ को हाम्रो नेपाली पाठ्यपुस्तकमा १९ ओटा उखानलाई छनोट गरिएको छ भने उक्त उखानहरूलाई उपयुक्त ढङ्गले स्तरण गरिएको देखिन्छ । युक्ति सामु शक्ति टिक्दैन, के खोज्छस काना आँखो, हुने विरुवाको चिल्लो पात, कागलाई बेल पाक्यो हर्ष न

विस्मत्, जस्ता पारिवारिक र सामाजिक जीवनका भाषिक व्यवहारमा भिजेका उखानहरू अघिल्ला पाठहरूमा विन्यास गरिएको छ । त्यस्तै गरी क्रमशः पछिल्ला पाठहरूमा केही नवीन उखानहरू पनि समाविष्ट गरेको पाइन्छ । हिमालको हाँसो नेपालको नासो, संसारको कीर्ति मान्छेको प्रीति, जो रक्षक उही भक्षक, जस्ता बौद्धिक कसरत गर्नुपर्ने कठिन उखानहरू पछिल्ला पाठहरूमा समावेश गरेको पाइन्छ । तसर्थ सरलदेखि जटिलका क्रममा उखानहरू स्तरण गरिएको छ । यसै गरी पाठगत रूपमा पनि उखानलाई सन्तुलित रूपमा विन्यास गर्न खोजिएको छ । पाठको प्रकृति अनुसार प्रबन्ध र चिठीमा उखान समावेश गरेको पाइँदैन भने कथा, निबन्धमा बढी मात्रमा उखानहरू समावेश गरिएको छ । निष्कर्षमा भन्नु पर्दा उखानको स्तरण उपयुक्त नै मान्न सकिन्छ ।

कक्षा 'छ' को हाम्रो नेपाली किताबमा समाविष्ट टुक्काहरूको पाठगत स्तरणलाई केलाएर हेर्दा विश्रृङ्खल स्थिति देखिन्छ । कुनै पाठमा अति कम टुक्काहरू रहेका छन् भने कुनै पाठमा अत्यन्त बढी रहेछन् । यसै गरी छनोट भएका टुक्काहरूलाई सरलदेखि जटिलको क्रममा स्तरण गर्नुपर्नेमा त्यस नियमको परिपालना पनि भएको पाइँदैन । अघिल्ला पाठहरूमा मनमा चस्का पस्नु, प्रतिभा शिथिल नहुनु जस्ता कठिन टुक्काहरू समावेश गरिनु पनि स्तरणको कोणबाट त्रुटिपूर्ण देखिन्छ । निष्कर्षमा भन्नुपर्दा यस पाठ्यपुस्तकमा समावेश गरिएका टुक्काहरूको स्तरण उपयुक्त मान्न सकिँदैन ।

## ४.४ प्राप्ति तथा सारांश

निम्न माध्यमिक कक्षा 'छ' को हाम्रो नेपाली किताब प्रयुक्त भएका उखान टुक्काको पाठगत विश्लेषण गरिएको छ । जम्मा १९ ओटा पाठमा ११ ओटा उखान र २४६ ओटा टुक्का गरी जम्मा २५८ ओटा उखान टुक्का छनोट र स्तरण गरिएको छ । उक्त उखान टुक्काहरूले भाषालाई जीवन्त बनाउनुका साथै बोझिलो हुनबाट जोगाएर रसिलो बनाएको छ । उखानको छनोट र स्तरण बालबालिकाहरूको रूचि, स्तर, क्षमता र भाषिक अनुभवलाई आधार बनाएर गरिएको छ । सङ्ख्यात्मक रूपमा उखान टुक्काको वितरण उपयुक्त देखिन्छ । टुक्काहरूको छनोट र स्तरणमा भने त्यो उपयुक्त विन्यास देखिँदैन सङ्ख्यात्मक रूपमा टुक्काको चाप बढी देखिन्छ भने तिनीहरूको पाठगत वितरण पनि असमानुपातिक किसिमको छ । यसैगरी स्तरण सरलदेखि जटिलको क्रममा गरिएको देखिँदैन । तसर्थ यस तहमा टुक्काको छनोट र स्तरण गर्दा ११/१२ वर्ष उमेर समूहका बालबालिकाहरूको रूचि, स्तर,

क्षमता पूर्वज्ञान र भाषिक अनुभव आदिलाई ख्याल गरिनु आवश्यक देखिन्छ । कतिपय टुक्काहरू विद्यार्थीको स्तर सुहाउँदा प्रकृतिका समावेश गरिएका छन् भने उनीहरूको स्तरभन्दा जटिल प्रकृतिका टुक्काहरू पनि प्रशस्त रहेका छन् । पाठमा प्रयुक्त उखान र टुक्काहरूलाई व्यवस्थित गरि सरलदेखि जटिलको क्रममा विन्यास गर्नुपर्ने देखिन्छ ।

# परिच्छेद : पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

कक्षा 'छ' को हाम्रो नेपाली किताबमा प्रयुक्त उखान र टुक्काको अध्ययन गर्ने क्रममा यसै शोधपत्रको सन्दर्भ ग्रन्थ सूचीमा समाविष्ट विभिन्न विद्वान्हरूका लेख, रचना, पुस्तक एवम् शोधपत्रहरूको अध्ययन विश्लेषणबाट निम्न निष्कर्षहरू निकालिएका छन् :

उखान टुक्का अध्ययनका क्रममा पाइएका सबल पक्षहरूलाई निम्नानुसार बुँदागत् रूपमा प्रस्तुत गरिएको छ । कक्षा 'छ' को हाम्रो नेपाली किताबमा विभिन्न विधा अन्तर्गतका २२ ओटा पाठमध्ये १० ओटा पाठमा जम्मा १९ ओटा उखानहरू समावेश गरिनु सङ्ख्यात्मक दृष्टिले उपयुक्त मान्न सकिन्छ । अधिकांश उखानहरू समाजमा भिजिसकेका र भाषिक व्यवहारमा प्रचलित उखानहरू समावेश गरिनु प्रशंसनीय पक्ष हो । छनोट गरिएका उखानहरूलाई सरलदेखि जटिलका क्रममा विन्यास गरिनु स्तरणका कोणबाट सान्दर्भिक रहेको छ । उखानको पाठगत विवरण उपयुक्त किसिमको छ । पाठ्यपुस्तकमा प्रयुक्त उखान टुक्काहरू आधा र भन्दा बढी सामाजिक जीवनमा दैनिक प्रचलित ब्यवहारमा आउने रहेका छन् । त्यस्ता उखान  टुक्कालाई भाषिक ब्यवहारका क्रममा प्रयोगमा ल्याउन सिकारूलाई मद्दत पुऱ्याउछ ।

कक्षा 'छ' को हाम्रो नेपाली किताब प्रयुक्त उखान र टुक्काहरूको अध्ययनबाट निकालिएका सुधार गर्नु पर्ने पक्षहरूलाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ :

१. टुक्काहरूलाई सरलदेखि जटिलको क्रममा उपयुक्त ढङ्गले स्तरण नगरिएको,

२. टुक्काहरूको पाठगत विवरण असमानुपातिक रहेको अर्थात् कुनै पाठमा अधिक र कुनै पाठमा न्यून टुक्काहरू वितरण भएको,

३. ११/१२ वर्ष उमेर समूहका बालबालिकाहरूको रूचि, चाहना र भाषिक स्तरभन्दा जटिल प्रकृतिका टुक्काहरू समावेश गरिएको,

४. कक्षा 'छ' मा अध्ययनरत बालबालिकाहरूको भाषिक क्षमता अनुकूलका टुक्काटहरूको समुचित वितरण गर्न नसकेको,

५. भाषा पाठ्यक्रमको मर्म अनुरूप उखान टुक्काहरूलाई विन्यास नगरिएको,

६. कक्षा 'छ' मा अध्ययनरत बालबालिका वा सिकारूको भाषिक क्षमतालाई ध्यान नदिएर २४५ ओटा टुक्काहरू जम्मा बीसओटा पाठमा राखिनु,

७. उखान टुक्काहरूलाई तल्ला कक्षाहरूलाई आधार नमानी माथिल्ला कक्षामा उच्च किसिमका उखान टुक्का समावेश गरिनु,

८. शब्दभण्डारको घेराभित्र उखानटुक्काहरूलाई राखी अध्यापन गराइने गरेको,

९. निगमनात्मक विधिबाट उखान टुक्काको शिक्षण गरिनु,

१०. दैनिक जीवनमा प्रयोग गरिने उखान टुक्काहरू पाठ्यपुस्तकमा समावेश नगरिनु,

११. देश, काल, वातावरण, अनुसार उखान टुक्कालाई परिमार्जित र परिष्कृत नगरी पाठ्यपुस्तकमा समावेश गरिएको ।

## ५.२ सुझावहरू

### ५.२.१ नीतिगत तह

१. उखान टुक्काहरूलाई सरलदेखि जटिलको क्रममा उपयुक्त तवरले स्तरण गरिनु पर्ने,

२. टुक्काहरूको पाठगत विवरण समानुपातिक गर्नुपर्ने,

३. नि.मा. तहको पहिलो खुड्किलोको रूपमा रहेका कक्षा 'छ' अध्ययन विद्यार्थीहरूको रूचि, चाहना, भाषिकस्तर र आवश्यकता अनुरूप टुक्का र उखान पाठ्यपुस्तक अन्तर्गतका विधामा राखिनु पर्ने,

४. १०/११ वर्ष उमेर समूहका बालबालिकाको भाषिक क्षमता अनुकूलका सरल टुक्काहरूको समुचित वितरण गरिनु पर्ने,

५. भाषा पाठ्यक्रमको मर्म अनुरूप उखान टुक्काहरूलाई विन्यास गरिनु पर्ने,

६. उखान टुक्काको प्रयोग भएका ठाउँमा अर्थलाई पनि कोष्ठकमा राखिनु पर्ने,

७. उखानटुक्काको प्रयोग तल्ला कक्षालाई अधार मानी माथिल्ला कक्षामा अलि उच्च तवरका समावेश गरिनु पर्ने,

८. भाषाशैली स्पष्ट र बुझिने किसिमका उखान टुक्का पाठ्यपुस्तकका विधा, उपविधामा प्रयोग गरिनुपर्ने,

९. उखानटुक्का कक्षा स्तर अनुसार सरल र जटिल शिक्षाप्रद खालका प्रयोग गर्नु उचित हुने,

१०. दैनिक जीवनमा प्रयोग गरिने सरल प्रकृतिका उखान टुक्काहरू पाठ्यपुस्तकमा प्रयोग गरिनु आवश्यक हुने,

११. अन्य विषयवस्तुसँग तादम्य हुनुभन्दा बालकको सामान्य व्यवहार चारित्रिक पक्षमा बोलिने किसिमका राखिनु उपयुक्त हुने,

१२. देश, काल, वातावरण अनुसार उखान टुक्कालाई परिमार्जित र परिष्कृत गरी समावेश गरिनुपर्ने,

### ५.२.२ अभ्यास तह

१. शब्दभण्डारको घेरभित्रबाट उखान टुक्काहरूलाई बाहिर राखी छुट्टै उपलब्धिका रूपमा सिकाउनु उपयुक्त हुने,

२. आगमनात्मक विधिबाट उखानटुक्काहरू शिक्षण गर्दा बढी उदाहारणको प्रयोग गरी सीप सिकाउनु उचित हुने,

३. विद्यार्थीहरूमा उखान र टुक्का क्षमता वृद्धि गराउन सकेसम्म उपयुक्त किसिमका उखान र टुक्काको प्रयोगमा अभ्यस्त गर्नुपर्ने ।

४ . शिक्षणका क्रममा भाषिक व्यवहारमा उखान र टुक्काको समुचित प्रयोगमा विद्यार्थीलाई अभ्यस्त गराउने ।

### ५.२.३ अनुसन्धान तह

१. कक्ष ९ को नेपाली किताबमा प्रयुक्त उखान र टुक्काको अध्ययन

२. आधारभूत तह कक्षा ४ र कक्षा ५ को नेपाली किताबमा प्रयुक्त कथाहरूमा रहेका उखान र टुक्काको अध्ययन

३. कक्षा ८ को नेपाली किताबमा प्रयुक्त उखानको अध्ययन विश्लेषण

४. आधारभूत तह कक्षा ७ को नेपाली किताबमा प्रयुक्त टुक्कको उपयुक्तता अध्ययन

५. माध्ययमिक तह कक्षा १० को नेपाली किताबमा प्रयुक्त उखानको उपयुक्तता अध्ययन

# सन्दर्भ सामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०६२), *“सामाजिक र प्रयोगिक भाषा विज्ञान”* काठमाडौंः रत्नपुस्तक भण्डार ।

अर्याल, शेखर (२०६०), *“माध्यमिक तह (९ र १०) का नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका उखान टुक्काहरूको अध्ययन”*, अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

काफ्ले, दिलिपकुमार (२०५८), *“त्रि.वि.वि.को नेपाली लोकसाहित्यको अनुसन्धान परम्परा”*, अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

खार्पाली, सरोज (२०६२), *“नेपाली लोक उखान टुक्का कोश”*, श्यामप्रकाश पोखरेल सिनामंङ्गल काठमाडौ ।

गौतम, मधुलाल (२०५६), *“बाग्लुङ जिल्लामा प्रचलित उखानको सङ्कलन वर्गीकरण र विश्लेषण”*, अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. ।

पन्थी, यमप्रसाद (२०६५), *“मा.वि. तहको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त उखान टुक्का पहिचान र प्रयोग क्षमताको अध्ययन”*, अप्रकाशित स्नातकोत्तर शोधपत्र ॥

पराजुली, कृष्णप्रसाद (२०६५), *“नेपाली उखान र गाउँखाने कथा”* काठमाडौंः रत्नपुस्तक भण्डार ।

पराजुली, कृष्णप्रसाद (२०६१), *“राम्रो रचना मीठो नेपाली”*, काठमाडौंः सहयोगी प्रेस ।

पाठ्यक्रम विकास केन्द्र(२०६७), *"कक्षा 'छ' को हाम्रो नेपाली किताब",* सानोठिमी, भक्तपुरः लेखक ।

पाठ्यक्रम विकास केन्द्र, (२०५८), *"नि.मा. भाषा पाठ्यक्रम"* सानोठिमी, भक्तपुरः लेखक ।

पौडेल, माधवप्रसाद (२०६८), *"भाषा पाठ्यक्रम पाठ्यसामग्री तथा शिक्षाण पद्धति",* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, टिकाप्रसाद र अन्य (२०६८), *"नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति",* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

नेपाल, शोभा (२०६७), *"पाल्पा जिल्लाका मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको उखान टुक्का प्रयोग क्षमताको अध्ययन",* अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

राजवंशी, गोविन्दप्रसाद (२०६७), *"राजवंशी र नेपाली उखानको तुलनात्मक अध्ययन",* अप्रकाशित स्नातकोत्तर शोधपत्र सुकुना बहुमुखी क्याम्पस ।

समशेर, पुस्कर (२०५०), *"उखान टुक्काको कोश",* काठमाडौँः साझा प्रकाशन ।